कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र
बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिमको कामकारोवार गर्ने

बेलौरी न.पा. -४, कंचनपुर
फोन नं. : ०९९५८०३९८/०९९५८०४२३, फ्याक्स न :
E-mail : ghodighoda.mfi@gmail.com URL: https://www.ghodighoda.com.np
को
सार्वजनिक निष्काशन (Initial Public Offering) सम्बन्धी

# विवरण-पत्र

(धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३०, तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९०.४७ | ७६.४३ | ७७.०१ | १००.४७ | १२३.६४ | १४२.२२ |
| प्रति शेयर आम्दानी (रु.) | (९.५३) | (१४.०५) | ०.५९ | १८.६२ | २३.४० | २५.६८ |
| संचित नाफा/नोक्सान/ (रु.) | (१०५३) | (२६०५) | -२५४९ | -४७० | ५५८० | १४८७६ |

कम्पनीले आफ्नो जारी पूँजी रु.२ करोड ७६ लाख २५ हजारको ४८% प्रतिशतले हुन आउने रु.१ करोड ३२ लाख ६० हजार रकम बराबरको प्रति शेयर रु.१००/–अंकित दरका १,३२,६०० कित्ता साधारण शेयर मध्ये जारी पूँजीको ०.५% अर्थात १,३८० कित्ता शेयर कर्मचारीहरु तथा सर्वसाधारणहरुलाई छुट्टयाएको मध्येको ५% अर्थात ६,६३० कित्ता शेयर सामुहिक लगानी कोषको लागि सुरक्षित गरी बाँकी रहने १,२४,५९० कित्ता साधारणशेयरहरुको सार्वजनिक निष्काशन ।

**दरखास्तसाथ प्रति शेयर रु. १००/– का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।**

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मूल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मूल्यले सूचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोवार मूल्य नजनाउने हुँदा यस विवरणपत्रको **दफा ग.८** मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**नियमन निकायको जवाफदेहीता नरहने उद्घोषण :**

यस विवरणपत्रमा उल्लेखित धितोपत्र सार्वजनिक निष्काशनको लागि तयार गरिएको यस विवरणपत्रलाई धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वीकृती प्रदान गरेको छ । यसरी बोर्डले स्वीकृती प्रदान गरेको कारणबाट कसैले पनि नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय वा सम्बद्ध अन्य नियमन निकायले विवरणपत्रमा उल्लिखित कुराको सत्यता वा निष्काशनकर्ता वा परियोजनाको आर्थिक सक्षमता वा धितोपत्रको मूल्यको बारेमा कुनै प्रकारको प्रत्याभूत गरेको वा जिम्मेवारी लिएको मानिने छैन ।

**नेपाल धितोपत्र बोर्डबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७६/०३/०६**
**कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरणपत्र दर्ता भएको मिति : २०७६/०३/१०**
**नेपाल राष्ट्र बैंकबाट विवरणपत्र स्वीकृत भएको मिति : २०७६/०३/०९**
**निष्काशन खुल्ला हुने मिति : २०७६/०३/२०**
**निष्काशन बन्द हुने मिति (छिटोमा) : २०७६/०३/२४**
**निष्काशन बन्द हुने मिति (ढिलोमा) : २०७६/०४/१९**

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक**

**प्रभु क्यापिटल लिमिटेड**

कमलादी, काठमाडौं, फोन नं. ४२२२९३९, ४२२२९८७, फ्याक्स:४२२२८०२
E-mail:info@prabhucapital.com, Web: www.prabhucapital.com
**(A Subsidiary of Prabhu Bank Limited)**

**(ख). १ विवरणपत्रमा प्रयोग भएका प्राविधिक तथा अन्य शब्दावलीको परिभाषा :**

क) **"विवरणपत्र"** सार्वजनिक रुपमा शेयर निष्काशन गर्न धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत तयार पारी प्रकाशित निष्काशन कम्पनीको सन्दर्भमा लगानीकर्ताहरुलाई जानकारी दिनको लागि नेपाल धितोपत्र वोर्डबाट स्वीकृत विवरणहरु भएको पुस्तिका सम्झनु पर्दछ ।

ख) **"धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक"** भन्नाले प्रभु क्यापिटल लिमिटेड सम्झनु पर्दछ ।

ग) **"वित्तीय संस्था/संगठित संस्था"** भन्नाले निष्काशनकर्ता कम्पनी घोडीघोडा लघुवित्त वित्तीय संस्था सम्झनु पर्दछ ।

घ) **"संकलन केन्द्र"** सार्वजनिक निष्काशनको लागि तयार गरिएको विवरणपत्र र दरखास्त फारम प्राप्त गर्न सकिने तथा दरखास्त फारम साथ रकम बुझाउन सकिने गरी तोकिएका संस्था सम्झनु पर्दछ ।

ङ) **"निष्काशन बैंक"** भन्नाले सार्वजनिक निष्काशनबाट संकलन हुन आएको रकमलाई जम्मा गर्नको लागि तोकिएको बैंकहरुलाई सम्झनु पर्दछ ।

च) **"नियमन निकाय"** भन्नाले नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा नेपाल राष्ट्र बैंक सम्झनु पर्दछ ।

छ) **"संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन"** भन्नाले घोडीघोडा लघुवित्त वित्तीय संस्था लिमिटेडका संस्थापक, संचालक, कार्यकारी प्रमुख तथा व्यबस्थापन सम्झनु पर्दछ ।

ज) **"वोर्ड"** भन्नाले नेपाल धितोपत्र वोर्ड सम्झनु पर्दछ ।

झ) **"सि-आस्बा (C-ASBA)सदस्य"** भन्नाले सार्वजनिक निष्काशन भएको धितोपत्र खरीदका लागि दरखास्त संकलन गर्न तथा धितोपत्र खरीद सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ५ बमोजिम बोर्डबाट अनुमति प्राप्त गरेको बैंक वा वित्तिय संस्था सम्झनु पर्दछ ।

**(ख).२ विवरणपत्र तथा दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान :**

**विवरणपत्र पाइने स्थानहरु :**

१. प्रभु क्यापिटल लिमिटेड कमलादी, काठमाण्डौं ।
२. घोडीघोडा लघुवित्त वित्तीय संस्था लि., बेलौरी न.पा.-४, कंचनपुर, नेपाल ।
साथै निष्काशन तथा बिक्रि प्रबन्धकको वेभसाइट www.prabhucapital.com, निष्काशनकर्ता वित्तिय संस्थाको वेभसाइट www.ghodighoda.com.np, वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्कासनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

**दरखास्त फाराम पाइने र दरखास्त बुझाउने स्थानहरु :**

| सि.नं. | कम्पनीको नाम, ठेगाना |
|---|---|
| १. | नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त गरी सि-आस्बा (C-ASBA) सेवामा सहभागी बैंक तथा वित्तिय संस्थाहरु र तिनका शाखा कार्यालयहरु । |

**(ग).१ धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई निष्काशनकर्ता वित्तीय संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै विवरणपत्रमा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुराप्रति विश्वस्त भई हामीले यो विवरणपत्र स्वीकृतीका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन २०६३" तथा "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिबद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**(ग) २ संगठित संस्थाको उद्घोषण :**

**(ग).२. (क) संचालकको जिम्मेवारी तथा जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यो विवरणपत्र हामीले पुनरावलोकन गरी अनुमोदन गरेको हुनाले यस विवरणपत्रमा उल्लेख गरिएका विवरण तथा जानकारीहरुका साथै निष्काशन तथा बिक्री प्रबन्धकलाई दिएको वित्तीय विवरण, अन्य विवरण, जानकारी तथा कागजातहरुको सत्यता र शुद्धता प्रति र धितोपत्र दर्ता तथा निष्काशन अनुमति प्रयोजनका लागि नेपाल धितोपत्र बोर्डमा पेश गरिएको विवरणपत्र र सो सँग सम्बन्धित अन्य विवरण तथा जानकारीहरुको शुद्धता तथा सत्यताप्रति यस विवरणपत्रमा हस्ताक्षर गर्ने हामी संचालकहरु ब्यक्तिगत वा सामूहिक रुपमा जवाफदेहिता बहन गर्दछौं र धितोपत्र निष्काशनका लागि तोकिएका शर्त तथा आवश्यकताहरुको सम्बन्धमा आवश्यक जानकारी लिई हामी उद्घोषण गर्दछौं कि तोकिएका शर्त तथा आवश्यकताहरु सबै पालना गरेका छौं र लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाएका छैनौं ।

**(ग).२. (ख) संगठित संस्थाको जवाफदेहिता सम्बन्धी उद्घोषण :**

यस घोडीघोडा लघुवित्त वित्तिय संस्था लिमिटेडले प्रकाशित गरेको विवरणपत्र, सार्वजनिक प्रस्ताव, विज्ञापन वा अन्य कुनै सूचनामा उल्लेख भएका विवरणहरु बाहेक संगठित संस्थाको बारेमा प्रकाशित अन्य कुनै सूचना वा जानकारीको जवाफदेहीता संगठित संस्थामा नरहने र त्यस्तो सूचना, जानकारी वा विवरणको आधारमा लगानी गरेमा सो को जोखिम लगानीकर्ता स्वयंले बहन गर्नुपर्नेछ ।

**(ग).२. (ग) नियमन निकायको नियमन ब्यबस्थाको पालना सम्बन्धी उद्घोषण :**

प्रचलित कानून अनुसार आफ्नो उद्योग/ब्यबसाय/सेवासँग सम्बन्धित नियमन निकाय (जस्तैः कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक आदि) को सार्वजनिक निष्काशन तथा अन्य नियमनकारी ब्यबस्था तथा निर्देशनहरुको पालना गरेको कुराको उद्घोषण गर्दछौं । साथै सार्वजनिक निष्काशन प्रयोजनको लागि तयार गरिएको विवरणपत्र र सो मा उल्लिखित सम्झौता वा अन्य विवरणहरु नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैंक र कम्पनी रजिष्ट्रारको कार्यालयमा पेश गरेका छौं । कम्पनी रजिष्ट्रारको मिति २०७६/०२/०३ को पत्र अनुसार आ.ब.२०७४/०७५ सम्म कम्पनी रजिष्ट्रारको कार्यालयमा संगठित संस्था अद्यावधिक रहेको छ ।

**(ग).२. (घ) संस्थापक, संचालक तथा कार्यकारी प्रमुख सम्बन्धी उद्घोषण :**

१. यस वित्तीय संस्थाको संस्थापक, संचालक वा कार्यकारी प्रमुख कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेका छैनन् ।

२. यस वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख कालो सूचीमा रहेको अन्य संगठित संस्थामा संचालक वा कार्यकारी प्रमुख छैनन् ।

३. सार्वजनिक निष्काशन मार्फत सर्वसाधारणबाट पूँजी संकलन गरी वेपत्ता भएका वा संचालनमा नरहेका वा लगानीकर्ताहरुको हित विपरीत हुने कार्य गरेको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

४. धितोपत्र सम्बन्धी कानून विपरीत कार्य गरेको कारण धितोपत्र बजार वा धितोपत्र ब्यबसायीको अनुमति खारेज भएको दश बर्ष पूरा नभएको संगठित संस्थाको संचालक वा कार्यकारी प्रमुख यस वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख छैनन् ।

५. यस वित्तीय संस्थाको संचालक वा कार्यकारी प्रमुख धितोपत्र सम्बन्धी ऐनको दफा १०८ बमोजिम संचालक वा कार्यकारी प्रमुख अयोग्य रहेका छैनन् ।

**(ग).३ संगठित संस्था सम्बन्धी जानकारी :**

**(ग).३ (क) संगठित संस्थाको पृष्ठभूमी :**

**(क) संस्थाको नाम** :घोडीघोडा लघुवित्त वित्तिय संस्था लिमिटेड **(GHODIGHODA LAGHUBITTA BITTIYA SANSTHA LTD.)**

**(ख) कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा :** कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

**(ग) संस्थाको रजिष्टर्ड ठेगाना :** यस वित्तीय संस्थाको रजिष्टर्ड (मुख्य कार्यालय) कार्यालय बेलौरी न.पा.वडा नं.४, कंचनपुरमा रहेको छ ।

**(घ) कारोवार गर्ने मुख्य स्थान :** यस वित्तीय संस्थाको वित्तीय कारोवार गर्ने मुख्य स्थान मुख्य कार्यालय बेलौरी न.पा.वडा नं.४, कंचनपुरमा रहेको छ । यस बाहेक वित्तीय संस्थाले हालसम्म सुदूरपश्चिम प्रदेशभित्रका विभिन्न २ जिल्लामा ५ शाखा कार्यालयहरु तथा केन्द्रिय कार्यालय गरी ६ वटा कार्यालयहरु स्थापना गरी आफ्नो वित्तीय कारोवारहरु संचालन गर्दै आइरहेको छ । भविष्यमा आवश्यकता अनुसार नेपाल राष्ट्र बैंकको स्वीकृति लिई शाखा, उपशाखा वा अन्य कार्यालय खोली वित्तीय कारोवार गर्न सक्नेछ ।

| क.सं. | शाखा कार्यालय | जिल्ला | ठेगाना | स्थापना/कारोवार स्विकृत मिति |
|---|---|---|---|---|
| १ | केन्द्रीय कार्यालय | कंचनपुर | बेलौरी न.पा.-४,कंचनपुर | २०७३.०३.०३ |
| २ | गेटा | कैलाली | गोदावरी न.पा.-५, गेटा | २०७५.०६.२५ |

| | | | | |
|---|---|---|---|---|
| ३ | बेलौरी | कञ्चनपुर | बेलौरी न.पा.-४,कंचनपुर | २०७३.०३.०३ |
| ४ | जोशीपुर | कैलाली | जोशीपुर गा.पा.- १ कैलाली | २०७५.०१.०२ |
| ५ | हसुलिया | कैलाली | कैलारी गा.पा.-५ कैलाली | २०७५.०१.०२ |
| ६ | पहलमानपुर | कैलाली | घोडाघोडी न.पा.-१०, कैलाली | २०७५.०८.०७ |

**(ङ) संगठित संस्थाको स्थापनाकाल देखि हाल सम्मको संक्षिप्त इतिहास र संगठित संस्थाको मुख्य उद्देश्यहरु :**

गरिबी निवारणमा सहयोग पुऱ्याउने उद्देश्यले एक सबल, सक्षम १० जिल्ला कार्यक्षेत्र लिई घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.को नामबाट मिति २०७३ आषाढ ०३ गते देखि कारोवार शुरु गरी लघुवित्त सेवा संचालन गर्दै आएको छ। यस वित्तीय संस्थाका शेयर धनीहरुलाई समूह "क" र "ख" मा वर्गीकरण गरिएको छ। समुह "क" अन्तर्गत संस्थापक शेयरधनीहरु र समुह "ख" अर्न्तगत सर्वसाधारण शेयरधनीहरु रहनुभएको छ।

नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी प्रचलित कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस वित्तीय संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

क) वित्तीय संस्थाका निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,

ख) नेपालका ग्रामीण तथा अन्य क्षेत्रमा कृषि, उद्योग र सेवा ब्यवसायहरु संचालन गर्न सुलभ तरीकाबाट ऋण उपलब्ध गराउने,

ग) उपलब्ध सीप, श्रम तथा पूँजीलाई परिचालन गरी ग्रामीण क्षेत्रको विकासमा योगदान पुऱ्याउने र सो कार्यको लागि आवश्यक वित्तीय साधन, प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुऱ्याउने,

घ) लक्षित वर्गलाई बैंकिङ्ग सेवा प्रदान गर्ने,

ङ) ग्रामीण क्षेत्रका विपन्न वर्ग र खासगरी महिलाहरुलाई समूहमा आबद्ध गराई सामूहिक जमानीमा कर्जा तथा अन्य सामाजिक क्रियाकलापको माध्यमबाट उनीहरुको रोजगारी र आर्थिक एवं सामाजिक अवस्थामा सुधार ल्याउन सहयोग पुर्‍याउने र

च) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने।

**(च) संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) :** नभएको।

**(छ) देहायका कुराहरु समेत उल्लेख गर्नुपर्ने (लागु हुने हदसम्म)**

**(१) संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :**

वित्तीय संस्थाले प्रदान गर्ने मुख्य सेवाहरुमा ग्राहक सदस्यहरुबाट निक्षेप (वचत) संकलन र कर्जा प्रवाह सेवा समेत प्रदान गर्न सकिने रहेको छ।

**(२) प्रयोग भएको वा गरिने प्रविधि :**

वित्तीय संस्था बैंकिङ्ग सेवा प्रदायक कम्पनी भएकोले माथि खण्ड (१) मा उल्लेखित सेवा प्रदान गर्न यस कम्पनीले वित्तीय क्षेत्रमा अनुभव भएका तथा योग्य कर्मचारीहरुलाई छनौट गरी जिम्मेवारी दिने गरेको छ साथै समय समयमा कर्मचारीहरुलाई सेवासंग सम्बन्धित विभिन्न प्रकारका आन्तरिक साथै स्वदेशी तालिम तथा प्रशिक्षण प्रदान गर्ने गरिएको छ। ग्राहकहरुलाई सेवा प्रदान गर्ने कार्यका लागि निजहरुको हिसाव किताबलाई चुस्त दुरुस्त राख्न सफ्टवेयरको समेत प्रयोग गरी लेखाङ्कन गर्ने गरिएको छ। ग्राहकलाई प्रदान गरिने सेवाका कञ्चनपुरलागि विभिन्न प्रकारका फारमहरुको प्रयोग गरी पारदर्शी रुपमा विवरण राख्ने गरिएको छ।

**(३) कुनै ब्राण्डनेम, प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकार :** नभएको।

**(४) संगठित संस्थाले ओगटेको बजार क्षेत्र :**

मिति २०७३/०१/२९ गते वित्तीय संस्थाको रूपमा वित्तीय कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट ईजाजत पत्र प्राप्त गरी मिति २०७३/०३/०३ गतेदेखि "घ" वर्गको १० जिल्ला कार्य क्षेत्र भएको वित्तीय संस्थाको रुपमा आफ्नो वित्तीय कारोवार सञ्चालन गर्दै आएको यस वित्तीय संस्थाले आ.व. २०७५ चैत्र मसान्त सम्म २ (दुई) जिल्लामा ५ (पाँच) वटा शाखा कार्यालयहरुबाट आफ्नो सेवा विस्तार गरी त्यस क्षेत्रका ३४९३ सदस्यहरुलाई आफ्नो सेवा प्रदान गरेको छ। सो अवधिभित्रमा वित्तीय संस्थाको निक्षेप रु.१ करोड ५७ लाख ८३ हजार २ सय ९८ र सावाँमा बाँकी रहेको कर्जा रु. १७ करोड ९३ लाख २ हजार ८ सय ६८ मात्र पुऱ्याउन सफल रहेको छ।

**(५) नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :**

यस क्षेत्रमा नयाँ संस्थाहरुको आगमन भईरहेकाले प्रतिष्पर्धा अत्यन्त बढिरहेको छ। ग्राहकहरुलाई सुहाँउदो किसिमको कर्जा, निक्षेप तथा अन्य जस्तै विप्रेषण सेवाका योजनाहरु प्रदान गरी सर्वसुलभ तवरले सेवा प्रदान गर्नु चुनौतिपूर्ण देखिएको छ। त्यसका साथै नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशन तथा परिपत्रहरु अनुरुप बैंकिङ्ग सेवा प्रदान गर्नु वित्तीय संस्थाहरुको पहिलो प्राथमिकता रहेको हुन्छ। यीनै तथ्यहरुलाई हृदयंगम गरी यस वित्तीय संस्थाले ग्राहकहरु लक्षित उपयुक्त किसिमका कर्जा तथा बचतका कार्यक्रमहरु समय सापेक्ष अनुसार लागु गर्दै लगेको छ र यस प्रकारको योजनालाई आगामी दिनमा समेत निरन्तरता दिदै जानेछ।

**(६) उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :**

वित्तीय संस्थाको प्रमुख बजार हाल कञ्चनपुर, कैलाली, बर्दिया, बाँके, सुर्खेत, दाङ्ग, डडेलधुरा, डोटी,बैतडी र दार्चुला गरी १० जिल्ला रहेको छ र हरेक वर्गका ग्राहकको आवश्यकता अनुरुप नै सेवाहरु उपलब्ध गराउँदै लैजाने वित्तीय संस्थाको लक्ष्य रहेको छ।

**(७) उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :**

बैंक तथा वित्तीय संस्थामा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन दक्षताको आधारमा यस वित्तीय संस्थाले स्थापनाको छोटो समयमा नै वित्तीय बजारको राम्रो हिस्सा ओगट्न र ग्राहकहरुलाई राम्रो सेवा प्रदान गर्न सफल रहेको देखिन्छ।

**(८) कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता : नभएको ।**

**(९) गुण नियन्त्रणको लागि गरिएको ब्यबस्था :**

बैंक तथा वित्तीय संस्था, शैक्षिक क्षेत्र, सरकारी सेवा उद्योग एवम् व्यापार क्षेत्रमा लामो अनुभव हासिल गर्नु भएका सञ्चालक/व्यवस्थापन समूह ग्रहकहरुलाई गुणस्तरीय सेवा, सुविधा प्रदान गर्नका लागि तत्पर रहेका छन्।

**(१०) अनुसन्धान तथा विकास :**

नेपालको बैंकिङ्ग तथा वित्तीय क्षेत्रमा प्रतिस्पर्धात्मक स्थिति रहेको आजको पृष्ठभूमिमा वित्तीय संस्थाले अनुसन्धान तथा विकासलाई उच्च प्राथमिकता दिई सो कार्यका लागि छुट्टै अधिकृत नियुक्त गरिने छ। जसले नयाँ सेवाहरुको विकास मात्र नभई हाल प्रदान गरिएका सेवाहरुमा समय सापेक्ष रुपमा आवश्यक परिमार्जनहरु गर्ने नयाँ सेवाहरुको उपयुक्तताको सम्बन्धमा व्यवस्थापनलाई सुझाव उपलब्ध गराउनेछ। साथै वित्तीय संस्थाले ग्राहक वर्गमा नयाँ निक्षे पका योजनाहरु, ग्राहकमुखी सरल कर्जा सुविधा र विश्वसनीय नयां नयां प्रविधिको प्रयोग गरी आफ्ना ग्राहकहरुलाई प्रतिस्पर्धात्मक एवं गुणस्तरीय सेवा प्रदान गर्ने लक्ष्य राखेको छ।

**(११) विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको बाधा, व्यवधान :** नभएको।

**(१२) मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :** नभएको।

**(१३) बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :**

- यो वित्तीय संस्था साविक महाकाली अञ्चल भर दर्ता भएको एक मात्र लघुवित्त संस्था हो।
- हाल यस वित्तीय संस्थाले १० जिल्लालाई आफ्नो कार्यक्षेत्र बनाई दर्ता भएको भए तापनि हालसम्म सुदूरपश्चिम प्रदेशका २ जिल्लामा मात्र कारोबार बिस्तार गरेको छ।
- नेपाल राष्ट्र बैंकको हालको नीतिलाई अनुशरण गर्दै यस वित्तीय संस्थाले सुदूरपश्चिम प्रदेशभित्र मात्र आफ्नो कार्यक्षेत्र बनाउने योजना बनाएकोले यस प्रदेशमा प्रदेश स्तरीय एक मात्र लघुवित्त वित्तीय संस्थाको रुपमा रहने देखिन्छ।
- सुदूरपश्चिम प्रदेशका ९ वटै जिल्लामा आफ्नो कार्यक्रम बिस्तार गर्न सक्ने प्रचुर सम्भावना रहेको छ।
- लघुवित्त वित्तीय संस्थाहरुको संख्या दिनानुदिन बढ्दै गईरहेको कारणले गर्दा कार्यक्रमको विस्तार र सेवा प्रदान गर्नका लागि नयाँ स्थान तथा क्षेत्रहरुको पहिचान गरी कार्यक्रम संञ्चालन गर्न चुनौति देखिएको छ।
- एकै स्थानमा धेरै लघुवित्त वित्तीय संस्थाहरुको उपस्थितिले बजार अत्यन्तै प्रतिष्पर्धी भएको छ र एउटै ग्राहकले एक भन्दा बढी संस्थाहरुबाट समेत कर्जा सुविधा उपभोग गर्ने अवस्था श्रृजना भएकोले कर्जाको गुणस्तर कायम गर्न चुनौति देखिएको छ।
- लघुवित्त वित्तीय संस्थाहरुमा योग्य कर्मचारीहरुलाई टिकाईराख्न पनि त्यत्तिकै समस्या देखिएको छ।
- उपरोक्त बजार को अवस्था, प्रतिष्पर्धा र अन्य वित्तीय संस्थाहरुको उपस्थितिको बाबजुद यस वित्तीय संस्थाले कुशलतापूर्वक आफ्नो वित्तीय कारोवार सञ्चालन गरी आफ्नो वित्तीय स्थितिलाई मजबुत बनाउँदै लगेको छ।
- आ.व.२०७२/७३ को आषाढमा मात्र स्थापना भई मिति २०७३।०३।०३ देखि वित्तीय कारोबार सञ्चालन गरेको यस वित्तीय संस्थाले आ.व. २०७३/०७४ सम्मको अवधिमा रु. २६,०४,९४०।३६ सञ्चालन नोक्सानीमा रहेकोमा पछिल्लो आ.व. २०७४/०७५ मा रु. ७१,७८२।८९ सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको छ।
- आ.व.२०७५/७६ को चैत्र मसान्तसम्म २ जिल्लामा रहेका ५ वटा शाखाहरुबाट ३४९३ समूह सदस्यहरुलाई कूल कर्जा प्रवाह रु.३७,३७,२७,०००।- भई कूल लगानीमा रहिरहेको बाँकी कर्जा रु.१७,९३,०२,८६८।- छ भने वचत संकलन रु.१,५७,८३,२९७- भएको छ।
- समान प्रकृतिका संस्थाहरु बीच तिव्र प्रतिस्पर्धा भएता पनि उपयुक्त कर्जा तथा निक्षेपका योजनाहरु र सर्वसुलभ सेवा प्रदान गर्ने योजना अनुरुप यस वित्तीय संस्थाले आफ्नो क्षेत्रमा फरक पहिचान बनाउन सफल भई हाल २ जिल्लाका ५ वटा शाखाहरुबाट आफ्नो कारोबार बिस्तार गरी बजारमा आफ्नो स्थान ओगट्न सफल भएको छ।

**(१४) प्रमुख ग्राहकहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने त्तसम्बन्धी विवरण :** नभएको।

**(१५) प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै–संस्थाको कुल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने त्तसम्बन्धी विवरण :** नभएको।

ग).३ (ख) **सम्पत्तिको विवरण :**

**(क) संगठित संस्थाको उपकरण (प्लान्ट) तथा अन्य सम्पत्ति रहेको स्थान र उपकरण तथा सम्पत्तिको अवस्था :** वित्तीय संस्थाको सम्पत्तीको हालको अवस्था निम्न बमोजिम रहेको छ ।

| विवरण | सम्पत्ति | | | | | | यस वर्षको रकम रु. | गत वर्षको रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| | भवन | परिवहन | मेसिनरी | कार्यलय साधन | लीज होल्ड सम्पत्ति | अन्य | | |
| १. परलमोल | | | | | | | | |
| (क) गत वर्षको मौज्दात | - | १७९,४६८.०० | - | ४६१,०९५.०० | | ८३७,९३०.०० | १,४७८,४९३.०० | ८८४,४३६.०० |
| (ख) यस वर्षको थप | - | | - | ४८३,०६४.०० | | ३५५,६३७.०० | ८३८,७०१.०० | ५९४,०५७.०० |
| (ग) यस वर्ष पुर्नमूल्याङ्कन/पूनर्लेखन | - | - | - | - | | - | - | - |
| (घ) यस वर्षको विक्री | - | - | - | - | | - | - | - |
| (ङ) यस वर्षको अपलेखन | - | - | - | - | | - | - | - |
| **कुल परलमोल** | - | १७९,४६८.०० | - | ९४४,१५९.०० | | १,१९३,५६७.०० | २,३१७,१९४.०० | १,४७८,४९३.०० |
| २. ह्रास कट्टी | | | | | | | | |
| (क) गत वर्षसम्मको | - | ३५,८९३.६० | - | १७४,१४८.९९ | | २६१,०८३.०१ | ४७१,१२५.६० | १७३,९१९.०० |
| (ख) यस वर्षको | - | २८,७१५.४० | - | १३५,०३१.४९ | | १८८,४८७.७४ | ३५२,२३४.६३ | २९७,२०६.६० |
| (ग) ह्रास कट्टी पुर्नमूल्याङ्कन/पूनर्लेखन | - | - | - | - | | - | - | - |
| (घ) ह्रास कट्टी रकम समायोजन/फिर्ता | - | - | - | - | | - | - | - |
| **कुल ह्रासकट्टी** | - | ६४,६०९.०० | - | ३०९,१८०.४८ | | ४४९,५७०.७५ | ८२३,३६०.२३ | ४७१,१२५.६० |
| **३. बुक भ्यालु (WDV)** | - | ११४,८५९.०० | - | ६३४,९७८.५२ | | ७४३,९९६.२५ | १,४९३,८३३.७७ | १,००७,३६७.४० |
| ४. जग्गा | - | - | - | - | | - | - | - |
| ५. पुँजीगत निर्माण ( पुँजीकरण गरिनु पर्ने) | - | - | - | - | | - | - | - |
| **६. कम्प्युटर सफ्टवेयर** | - | - | - | - | | - | **१९८,८८०.००** | **२९१,५४०.००** |
| **जम्मा** | - | ११४,८५९.०० | - | ६३४,९७८.५२ | | ७४३,९९६.२५ | १,६९२,७१३.७७ | १,२९८,९०७.४० |

**कम्प्युटर सफ्टवेयर**

| परल मोल | | | अपलेखन | | | बाँकी मुल्य रकम (रु.) |
|---|---|---|---|---|---|---|
| शुरु मौज्दात रकम (रु.) | यस वर्षको थप रकम (रु.) | **जम्मा परल मोल** रकम (रु.) | गत वर्षसम्मका रकम (रु.) | यस वर्षको थप रकम (रु.) | **जम्मा अपलेखन** रकम (रु.) | **बाँकी मुल्य** रकम (रु.) |
| ४६३,३००.०० | ० | ४६३,३००.०० | १७१,७६०.०० | ९२,६६०.०० | २६४,४२०.०० | १९८,८८०.०० |

**(ख) बूँदा (क) मा उल्लेखित सम्पत्ति संगठित संस्थाको आफ्नै सम्पत्ति हो या लिजमा लिएको, लिजमा लिएको भए लिजको अवधि (मिति समेत उल्लेख गर्नु पर्ने ) :**

उक्त बुँदामा उल्लेखित सम्पत्ति वित्तीय संस्थाको आफ्नै स्वामित्वको हो ।

**(ग) यदि सम्पत्ति संगठित संस्थाको स्वामित्वमा रहेको भएमा उक्त सम्पत्ति माथि कुनै लियन वा मोर्टगेज भए सो सम्बन्धी विवरण :** नभएको ।

**(घ) विवरणपत्र बोर्डमा पेश गरिएको मितिमा संगठित संस्थाको सम्पत्तिको किताबी मूल्य र बजार मूल्य बीच फरक भएमा सो को विवरण :**
वित्तीय संस्थाको सम्पूर्ण सम्पत्ति वास्तविक खर्चको हिसावमा कायम गरिएको छ ।

**(ङ) सम्पत्तिको मूल्यांकन गरिएको तरीका सम्बन्धी विवरण :**
परल मोलमा नियमानुसार गर्नुपर्ने ह्रास कट्टी गरी लेखामान अनुसार बाँकी रहेको वास्तविक सम्पत्तिलाई सम्पत्तिको रुपमा राखिएको छ र सोको पुनर्मूल्यांकन गरिएको छैन ।

**(ग).३ (ग) भावी योजना तथा रणनिती :**

**(क) व्यवसाय/सेवाको बृद्धिका लागि संस्थाको भावी योजना र त्यस्तो योजनाको प्राप्तिका लागि चालिने समयवद्ध रणनीतिः**
देशमा छरिएर रहेका स–साना पूँजीलाई बचतको रुपमा आकर्षित गर्दै देशको वित्तीय एवं बैंकिङ्ग क्षेत्रमा ग्रामीण विपन्न वर्ग र सर्वसाधारणमा बैंकिङ्ग प्रणाली मार्फत सरल, सुलभ र छिटो छरितो तरिकाबाट भरपर्दो एवं गुणस्तरीय लघुवित्त सेवा प्रदान गर्ने तथा बढी भन्दा बढी ग्रामीण समुदायमा लघुवित्त सेवा विस्तार गर्ने, सेवामा विविधिकरण गर्दै जाने तथा थप सेवा विस्तार गर्दै जाने योजना यस वित्तीय संस्थाको रहेको छ । ग्राहक महानुभावहरुको सेवा र संस्थाको सामाजिक उत्तरदायित्व समेतलाई ध्यानमा राखी वित्तीय संस्थाको मुनाफा बृद्धि गरी शेयरधनीहरुलाई उचित प्रतिफल वितरण गर्दै लैजाने यस वित्तीय संस्थाको भावी योजना रहेको छ । साथै वित्तीय संस्थाको अन्य भावी योजनाहरु देहाय वमोजिम रहेकोछ :

- चालु आ.व. भित्र वित्तीय संस्थाको चुक्ता पूँजी वृद्धि गरी रु. दुई करोड छहत्तर लाख पच्चिस हजार पुऱ्याउने ।
- १० जिल्लामा कार्यक्रमहरु विस्तार गर्ने ।
- ग्राहक सदस्यहरुबाट अधिकतम बचत परिचालन गर्न नयाँ योजनाहरु तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- समग्र कर्जाको गुणस्तरलाई उच्चस्तरमा राख्ने तथा कर्जा तथा सापटमा प्राप्त हुने प्रतिफललाई उच्च राख्न कर्जा लगानीमा विविधिकरण गर्ने ।
- लघुवित्त सेवाहरु विस्तार गर्दै लैजाने ।

वित्त बजारमा थप लघुवित्त संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु, वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम, मुलुकको राजनैतिक वातावरणबाट श्रृजना हुन सक्ने जोखिमहरु, देशको आर्थिक अवस्थामा आउने उतार चढाववाट हुन सक्ने जोखिमहरु, नेपाल सरकारको आर्थिक नीति तथा नेपाल राष्ट्र बैंकको वित्तीय क्षेत्र नीतिमा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु, निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु, पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु, अन्तर्राष्ट्रिय बजारमा हुने मन्दीबाट नेपालको बजारमा पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु, देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति, नियम र निर्देशनको अप्रत्याशित परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु, देशको बैदेशिक नीतिमा हुन सक्ने परिवर्तन तथा विदेशी मुद्राको विनिमय दरमा घट्बढ भई उत्पन्न हुन सक्ने सम्भावित जोखिमहरु तथा वित्तीय संस्थाले सरकारी तथा गैर सरकारी धितोपत्रहरुमा लगानी गर्दा धितोपत्रको मूल्यमा परिवर्तनका कारण उत्पन्न हुनसक्ने जोखिमहरु लगायत सम्पूर्ण जोखिमहरुको गहन अध्ययन र विष्लेषण गरी उक्त जोखिमहरु न्यूनिकरण गर्दै जाने रणनीति रहेको छ ।

**(ख) प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र समान किसिमको उद्योगको स्थितिको आधारमा संगठित (लघुवित्त समेत) संस्थाको भविष्य :**

- हाल देशको वित्तीय वातावरण अत्यन्त प्रतिस्पर्धात्मक छ ।
- विगतको छोटो अवधिमा नै धेरै लघुवित्त वित्तीय संस्थाहरु र स्थानीय स्तरमा सहकारी संस्थाहरु स्थापना भई लघुवित्त कार्यक्रम संचालन गरिरहेका छन् ।
- लघुवित्त वित्तीय संस्थाहरु र लघुवित्त कार्यक्रम सञ्चालन गर्ने सहकारी संस्थाहरुको अत्यधिक उपस्थितिले एकातिर देशको बैंकिङ्ग वातावरण (लघुवित्त समेत) बढी प्रतिस्पर्धात्मक हुने देखिन्छ भने अर्कोतर्फ अस्वस्थ प्रतिस्पर्धा बढेर श्रृजना हुन सक्ने नकारात्मक प्रभाव प्रति पनि सचेत हुनुपर्ने अवस्था रहेको छ ।
- आजको खुला विश्वमा अन्तर्राष्ट्रिय परिस्थितिले समेत राष्ट्रिय अर्थतन्त्रमा प्रभाव पर्ने स्थिति विद्यमान रहेको छ ।
- यस किसिमको अवस्थाले देशको बैंकिङ्ग व्यवसायलाई केही हदसम्म प्रभाव पार्ने देखिएता पनि हालसम्मको यस वित्तीय संस्थाको परिस्थितिलाई मूल्याङ्कन गर्दा यस संस्थाको वित्तीय अवस्था सन्तोषजनक देखिन्छ । तसर्थ, देशको वित्तीय व्यवसाय बीचको प्रतिस्पर्धा, विद्यमान आर्थिक स्थिति र हाल सम्मका दिनहरुमा वित्तीय क्षेत्रले उत्साहजनक सफलता पाईरहेको आधारमा यस वित्तीय संस्थाले ग्राहकहरुको चाहना र आवश्यकता अनुसारका स्तरीय ग्राहकोन्मुख सेवा तथा सुविधाहरु प्रदान गरेर उपलव्ध श्रोत र साधनको उपयुक्त परिचालन गरी आ.व.२०७५/७६ को चैत्र मसान्तसम्म उत्साहजनक उपलब्धी हासिल गरेको छ ।
    - आ.व.२०७५/७६ को चैत्र मसान्तसम्म ३४९३ सदस्यहरुलाई आवद्ध गरी कूल कर्जा प्रवाह रु.३७,३७,२७,०००।- भई कूल लगानीमा रहिरहेको बाँकी कर्जा रु.१७,९३,०२,८६८।- छ भने वचत संकलन रु.१,५७,८३,२९७।- भएको छ ।
    - यसै गरी आ.व.२०७२/७३ को आषाढमा मात्र स्थापना भई मिति २०७३।०३।०३ देखि वित्तीय कारोबार सञ्चालन गरेको यस वित्तीय संस्थाले आ.व. २०७३/०७४ सम्मको अवधिमा रु. २६,०४,९४०।३६ सञ्चालन नोक्सानीमा रहेकोमा पछिल्लो आ.व. २०७४/०७५ मा रु. ७१,७८२।८९ सञ्चालन मुनाफा आर्जन गर्न सफल भएको छ भने आ.व.२०७५/७६ मा सञ्चित घाटा पूर्ति गर्दै आगामी आ.व.हरुदेखि संस्था सञ्चित मुनाफामा जानेछ ।

- आगामी वर्षहरुमा थप शाखा बिस्तार गरी अझ बढी समूह सदस्यहरुमा वित्तीय पहुँच बढाउने र संस्थाको उपस्थिति बलियो पार्दै उत्साहजनक उपलब्धि हासिल गर्ने लक्ष राखिएको छ।
- यसप्रकार विद्यमान उपलब्धीहरु एवं प्रस्तुत भावी योजनाहरुको आधारमा यस वित्तीय संस्थाको भविष्य थप सुढृढ हुने देखिन्छ।

**(ग).३. (घ) संचालक समितिको संरचना र प्रतिनिधित्व सम्वन्धी व्यवस्था :**

संचालक समितिको संरचना, संचालकहरुको योग्यता र प्रतिनिधित्व तथा संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यवस्था यस वित्तीय संस्थाको नियमावलीको नियम २७.२ अनुसार देहाय बमोजिमको संचालक समिति गठनको व्यवस्था गरिएको छ ।

| | |
|---|---|
| संस्थापक शेयरधनीहरुका तर्फबाट निर्वाचित | ४(चार) जना |
| सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित | २(दुई) जना |
| स्वतन्त्र व्यवसायिक संचालक | १(एक) जना |
| **जम्मा** | **७(सात) जना** |

**संचालक हुनको लागि लिनुपर्ने न्यूनतम शेयर संख्या सम्बन्धी व्यबस्था :**

यस वित्तीय संस्थाको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार वित्तीय संस्थाको संचालक हुनका लागि यस वित्तीय संस्थाको कम्तिमा १०० (एक सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ तर राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञ सञ्चालक तथा वित्तीय संस्था वा संगठित संस्थाले वित्तीय संस्थामा शेयर लगानी गरी सञ्चालक मनोनयन गरेको अवस्थामा त्यस्तो सञ्चालकले व्यक्तिगत हैसियतले त्यस्तो न्यूनतम शेयर लिन आवश्यक हुने छैन ।

**(ग).४ पूँजी संरचना सम्बन्धी जानकारी :**

**क) अधिकृत, जारी तथा चुक्ता पूँजी र संस्थाको स्थापना पश्चात सो मा परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

१. अधिकृत पूँजीः यस वित्तीय संस्थाको अधिकृत पूँजी रु. १० करोड रहेको छ, जसलाई प्रति शेयर रु.१००/–का दरले जम्मा १० लाख कित्ता साधारण शेयरमा विभाजन गरिएको छ।

२. जारी पूँजीः यस वित्तीय संस्थाको जारी पूँजी रु. २ करोड ७६ लाख २५ हजार रहेको छ।

३.चुक्ता पूँजीः यस वित्तीय संस्थाको तत्काल चुक्ता पुँजी रु.१ करोड ४३ लाख ६५ हजार रहेको छ।

**संस्थाको स्थापना पश्चात अधिकृत, जारी एवं चुक्ता पूँजीमा निम्न बमोजिम परिवर्तन भएको छ।**

| **क्र.सं** | **विवरण** | मिति २०७५/११/१५ मा कम्पनी रजिष्ट्रारको कार्यालयमा भएको अभिलेख बमोजिम |
|---|---|---|
| १. | अधिकृत पुंजी | रु.१०,००,००,०००/– |
| २. | जारी पूँजी | रु.२,७६,२५,०००/– |
| ३. | चुक्ता पूँजी | रु.१,४३,६५,०००/– |

**ख) निष्काशन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप) :**

सार्वजनिक निष्काशन गर्नु पूर्वको वित्तीय संस्थाको चुक्ता पुँजीको संरचना देहाय बमोजिम रहेको छ।

| **समूह** | **शेयरधनी** | **शेयर कित्ता** | **पाजी संरचना** | **चुक्ता रकम (रु.)** | **भुक्तानी प्रतिशत** |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १,४३,६५० | ५२% | १,४३,६५,०००/– | शतप्रतिशत |
| | **जम्मा** | १,४३,६५० | **५२%** | १,४३,६५,०००/– | |

सर्वसाधारणलाई शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात हुने वित्तीय संस्थाको चुक्ता पूँजीको संरचना देहाय बमोजिम हुनेछ :

| **समूह** | **शेयरधनी** | **शेयर कित्ता** | **पुंजी संरचना** | **चुक्ता रकम (रु.)** | **भुक्तानी प्रतिशत** |
|---|---|---|---|---|---|
| क | संस्थापक शेयरधनीहरु | १,४३,६५० | ५२% | १,४३,६५,०००/– | शतप्रतिशत |
| ख | सर्वसाधारण शेयरधनीहरु | १,३२,६०० | ४८% | १,३२,६०,०००/– | चुक्ता हुन बाँकी |
| | **जम्मा** | **२,७६,२५०** | **१००%** | **२,७६,२५,०००/–** | |

**ग) शेयर प्रिमियम खाता (निष्काशन पूर्व र निष्काशन पश्चात) :** शेयर निष्काशन अंकित मूल्यमा गरिएकोले शेयर प्रिमियम खाताको व्यवस्था नगरिएको।

**(ग).५ संस्थापक/संचालक सम्बन्धी जानकारी :**

**(ग).५(क) संस्थापक/संचालकको पृष्ठभूमी :**

**(क) आधारभूत शेयरधनीहरु तथा संचालकहरुको नाम, पद, उमेर, राष्ट्रियता, ठेगाना, शेयर स्वामित्व, शैक्षिक योग्यता, अनुभव र प्रस्तावित ब्यापार/व्यवसायमा अनुभव :**

- **आधारभूत शेयरधनीको विवरण** :आधारभूत शेयरधनी नभएको ।

- **संचालकहरुको नाम, ठेगाना र ग्रहण गरेको शेयर स्वामित्व सम्बन्धी विवरण :**

| सि.नं. | नाम, ठेगाना | पद | उमेर (बर्ष) | राष्ट्रियता | ठेगाना | शेयर स्वामित्व (कित्ता) | शैक्षिक योग्यता | अनुभव | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | प्रस्तावित व्यापार/व्यवसाय | अन्य |
| १ | श्री प्रभात कुमार चौधरी (संस्थापक समूह) | अध्यक्ष | ५४ | नेपाली | धनगढी १ कैलाली | ३९०० | स्नातक तह (शिक्षा, समाज शास्त्र,राज नीति शास्त्र) | -घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७१।११।३० गतेदेखि संस्थापक सञ्चालक , मिति २०७२।०६।०१गतेदेखि संस्थापक अध्यक्ष र मिति २०७४।०१।१८ गतेदेखि हालसम्म अध्यक्षको रुपमा रहनुभएको । | - कृषि विकास बैंकमा २० वर्ष सेवा गरेको अनुभव - हाल: समाज सेवा |
| २ | श्री बुधराम चौधरी (संस्थापक समूह) | संचालक | ४७ | नेपाली | धनगढी १ कैलाली | ३९०० | स्नातकोत्तर ( व्यवस्थापन ) | -घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७१।११।३० गतेदेखि संस्थापक सञ्चालक र मिति २०७४।०१।१८ गतेदेखि हालसम्म सञ्चालकको रुपमा रहनुभएको । | -१५ वर्षदेखि.सुप एकेडेमी धनगढी मा अध्यापनरत/,हाल:स.स या.प्र.सुप एकेडेमी धनगढी |
| ३ | श्री पुरन प्रसाद चौधरी (संस्थापक समूह) | संचालक | ४५ | नेपाली | धनगढी ८ कैलाली | ३९०० | स्नातक (अर्थशास्त्र ,राजनीति शास्त्र) | -घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७१।११।३० गतेदेखि संस्थापक सञ्चालक र मिति २०७४।०१।१८ गतेदेखि हालसम्म सञ्चालकको रुपमा रहनुभएको । | -१२ वर्ष ग्रिनलैन्ड बोर्डिङ्ग स्कूल धनगढीमा प्रिन्सीपल भई कार्य गरेको अनुभव । - हाल : समाजसेवा |
| ४ | श्री पिंगला थारु (संस्थापक समूह) | संचालक | ४८ | नेपाली | पबेरा ९ कैलाली | ३९०० | स्नातक (समाज शास्त्र,राज नीति शास्त्र) | -घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७२।०६।१८ गतेदेखि संस्थापक सञ्चालक र मिति २०७४।०१।१८ गतेदेखि हालसम्म सञ्चालकको रुपमा रहनुभएको । | -समाज सेवा |
| ५ | श्री रसिकमाहेन शर्मा भण्डारी | स्वतन्त्र संचालक | ६० | नेपाली | धनगढी २ कैलाली | ० | स्नातक (समाज शास्त्र,राज नीति शास्त्र, अर्थ शास्त्र) | -घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.मा मिति २०७५।०४।०१ गतेदेखि स्वतन्त्र सञ्चालकको रुपमा रहनुभएको । | -कृषि विकास बैंकमा सहायक द्वितीय देखि सातौं तह अधिकृत स्तरसम्म ३० वर्ष कार्य गरेको अनुभव |

**(ख) संस्थापकहरु कुनै कम्पनी/संस्था भएमा त्यस्तो कम्पनी/संस्थाको नाम तथा ठेगाना सहितको संक्षिप्त विवरण र उक्त कम्पनी/संस्थाका संचालकहरुको नाम, ठेगाना, (प्राकृतिक ब्यक्ति नखुलेसम्म) :** नभएको ।

**(ग) संगठित संस्थाको संचालकहरु अन्य कुनै कम्पनी, संस्था, कोष, संगठनसँग आवद्ध भए त्यस्तो संचालक र आबद्ध भएको संस्थाको नाम, ठेगाना :**
यस वित्तीय संस्थाको संचालकहरु त्यस्तै खालका अन्य संगठित संस्थाहरुमा संचालक नभएको यकिन गरिएको र संचालकहरुको सम्बन्धमा संचालकहरुबाट सुचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ अनुसारका प्रावधानहरु तथा कम्पनी ऐन २०६३ को दफा ८९ को उपदफा (१) (छ) मा उल्लेखित प्रावधानहरुको पूर्णरुपमा पालना भएको छ ।

**(घ) संस्थापक/संचालकको हक हस्तान्तरण बन्देज सम्बन्धी विवरण :**

क) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई वित्तीय संस्थाको शेयर कुनै विदेशी बैंक वा वित्तीय संस्थालाई बिक्री वा हस्तान्तरण गरिने छैन ।

ख) नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति नलिई संस्थापकको शेयर स्वामित्व अनुपातमा परिवर्तन गर्न पाईने छैन ।

ग) वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगेसम्म सो संस्थाको संस्थापकले आफ्नो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्न पाउने छैन र उक्त अवधिपछि त्यस्तो शेयर बिक्री गर्दा वा धितोबन्धक राख्नु पर्दा नेपाल राष्ट्र बैंकको पूर्व स्वीकृति लिनु पर्नेछ । यस व्यवस्था बमोजिम वित्तीय संस्थाले कारोबार संचालन गरेको पाँच वर्ष नपुगे तापनि वित्तीय संस्थाको संचालनमा कुनै बाधा व्यवधान उत्पन्न भई विशेष परिस्थितिको सृजना हुन गएमा नेपाल राष्ट्र बैंकको स्वीकृति लिई संस्थापकहरुका बीचमा शेयर खरिद बिक्री गर्न सकिनेछ ।

तर,त्यसरी हक छोड्दा वा हस्तान्तरण गर्दा पहिलो प्राथमिकता जुन समूहको शेयर हो सोही समूहका शेयरधनीहरूलाई दिनु पर्नेछ । यसरी शेयर बिक्री गर्दा एक भन्दा बढी शेयरधनीले शेयर खरीद गर्न चाहेमा निजले धारण गरेको शेयरको अनुपातमा वितरण गर्नु पर्नेछ । सो समूहका कुनै पनि संस्थापक शेयरधनीले शेयर लिने इच्छा नगरेमा मात्र त्यस्तो शेयर संचालक समितिको निर्णय बमोजिम नेपाल राष्ट्र बैंकको स्वीकृति लिई अन्य व्यक्ति, फर्म, कम्पनी वा संस्थालाई बिक्री गर्न सकिने छ ।

घ) कुनै शेयरधनीको मृत्यु भएमा वा अदालतको आदेशले निजको शेयर हकवालामा नामसारी हुने भएमा खण्ड (ग) को बन्देज लागु हुने छैन ।

ङ) वित्तीय संस्थाको शेयर खरिद गर्दा न्यूनतम १० कित्ता वा १० अंकले भाग गर्दा शेष नरहने गरी अधिकतम १००० कित्ता शेयर खरिद गर्न सकिनेछ ।

च) वित्तीय संस्थाका संचालक, कार्यकारी प्रमुख, लेखापरीक्षक, कम्पनी सचिव वा वित्तीय संस्थाको व्यवस्थापन तथा लेखा सम्बन्धी कार्यमा प्रत्यक्ष रुपले संलग्न व्यक्तिले त्यस्तो पदमा बहाल रहँदाको वखत वा त्यस्तो पदबाट अवकाश प्राप्त गरेको कम्तीमा एक वर्षसम्म वित्तीय संस्था वा त्यसको सहायक कम्पनीको शेयर आफ्नो वा आफ्नो परिवारको नियन्त्रणमा रहेको फर्म, कम्पनी वा वित्तीय संस्थाको नाममा खरिद बिक्री गर्न, गराउन, गर्न दिन, धितोबन्धक राख्न, राख्न लगाउन वा दान बकस लिन, दिन वा लेनदेन गर्न हुँदैन । तर थप नयाँ शेयर जारी गरेको अवस्थामा यो प्रतिवन्ध लागु हुने छैन ।

छ) कसैले खण्ड (च) को विपरित काम गरेमा त्यस्तो शेयर वित्तीय संस्थाले जफत गर्नेछ र त्यसरी जफत भएको शेयर संचालक समितिले उचित ठहऱ्याएको किसिमबाट बिक्री बितरण गर्न सक्नेछ ।

ज) शेयर खरिद वा हस्तान्तरण गर्न बन्देज सम्बन्धी अन्य व्यवस्था बैंक तथा वित्तीय संस्था ऐन, २०७३, कम्पनी ऐन, २०६३ र धितोपत्र कारोवार सम्बन्धी कानून तथा अन्य प्रचलित कानूनमा उल्लेख भए बमोजिम हुनेछ ।

**(ग).५.(ख) संस्थापक/संचालकसँगको कारोबार :**

**क) संगठित संस्थाबाट कुनै संस्थापक/संचालकले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैरआर्थिक) प्राप्त गरेका वा प्राप्त गर्ने भएमा त्यस्तो वस्तु वा सुविधाको प्रकृति र मूल्य र त्यस्तो सुविधा दिए बापत संगठित संस्थाले कुनै सम्पत्ति, सेवा प्राप्त गरेको वा गर्ने भएमा तत्सम्बन्धी विवरण :**
वित्तीय संस्थाको सञ्चालकहरुले संचालक समितिको बैठक भत्ता बाहेक अन्य कुनै पनि संस्थापक वा संचालकले यस संस्थाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कुनै वस्तु वा सुविधा (आर्थिक वा गैर आर्थिक) प्राप्त गरेका छैनन् र सो सम्बन्धमा वित्तीय संस्थाले संस्थापक वा संचालकबाट कुनै सम्पत्ती वा सेवा समेत प्राप्त गरेको छैन ।

**ख) बुँदा (क) मा उल्लेखित बस्तु वा सुविधाको मूल्य निर्धारण गर्न अपनाइएको तरिका :**
**सो नभएको ।**

**(ग). ६ सीमित दायित्व सम्बन्धी विवरण :**
यो वित्तीय संस्था कम्पनी ऐन, २०६३ तथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरवालाहरुको दायित्व सीमित छ । यस वित्तीय संस्थाका शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

**(ग). ७ संगठित संस्थाको कर्मचारी सम्बन्धी जानकारी :**

**(ग).७.(क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :**

क) संगठित संस्थाको उच्च ब्यबस्थापकीय तहका कर्मचारीको नाम, योग्यता, नियुक्ति भएको मिति, पहिले काम गरेको अनुभव तथा संगठित संस्थाको शेयर लिएको भए शेयर संख्या सम्बन्धी विवरण । साथै त्यस्तो कर्मचारीहरु अन्य कुनै सूचिकृत संगठित संस्थाको आधारभूत शेयरधनी भए वा अन्य कुनै संगठित संस्थामा लगानी गरेको भए उक्त संगठित संस्थाको नाम र लगानी गरेको रकम खुलाउनु पर्ने ।

| सि.नं. | नाम | ठेगाना | पद | योग्यता | नियुक्ति मिति | पहिले गरेको कामको अनुभव |
|---|---|---|---|---|---|---|
| १. | श्री कुन्ना नारायण चौधरी | धनगढी उ.म.न.पा.-५ तारानगर कैलाली | प्रमुख कार्यकारी अधिकृत | स्नातक समाजशास्त्र अर्थशास्त्र राजनितीशास्त्र) | २०७३।०३।०१ | – कृषि विकास बैंक लि.मा सहायक स्तरदेखि अधिकृत द्वितीय श्रेणीसम्म ३० वर्ष कार्य गरेको अनुभव ।<br>– घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.मा प्रबन्ध सञ्चालकको रुपमा ९ महिना काम गरेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | – मिति २०७३।०३।०१ देखि  घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.मा प्रमुख कार्यकारी अधिकृत पदमा कार्यरत । |
| २. | श्री नरेन्द्र प्रसाद लम्साल | दुल्लु न.पा.-१२ दैलेख (हाल बेलौरी ४ कञ्चनपुर) | प्रबन्धक | स्नातकोत्तर (राजनीतीशास्त्र) | २०७४।०१।१० | – कृषि विकास बैंक लि.मा सहायक स्तरदेखि अधिकृत तृतीय श्रेणीसम्म ३० वर्ष कार्य गरेको अनुभव ।<br>- मिति २०७४।०१।१० गतेदेखि घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.मा सहायक प्रबन्धक र मिति २०७४।०७।०१ गतेदेखि प्रबन्धकको रुपमा कार्यरत । |

| सि.नं. | नाम | लगानी भएको कम्पनीको नाम | शेयर कित्ता | कुनै संस्थामा आधारभूत शेयरधनी रहे/नरहेका |
|---|---|---|---|---|
| १ | श्री कुन्ना नारायण चौधरी | घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.(संस्थापक शेयर) | ३,९०० | नरहेको |
| | | कृषि विकास बैक लिमिटेड | ७०२ | |
| २ | श्री नरेन्द्र प्रसाद लम्साल | कृषि विकास बैक लिमिटेड | २,२४५ | नरहेको |

ख) विवरणपत्र बोर्डमा प्रस्तुत गर्नु भन्दा १ बर्ष अगाडिको अवधिमा नियम अनुसार अवकाश प्राप्त भएको अवस्था बाहेक संगठित संस्थाको उच्च व्यबस्थापकीय तहमा रहेका कुनै कर्मचारी परिवर्तन भएमा सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : सो नभएको ।

ग) कर्मचारी संख्या : ३१ जना (प्रमुख कार्यकारी अधिकृत सहित)
स्थायी : १४ जना
करार/ज्यालादारी/प्रशिक्षार्थी : १७ जना

**(ग).७.(ख) <u>संचालक एवं उच्च ब्यबस्थापकीय तहका अधिकृतलाई दिएको भत्ता तथा पारिश्रमिक सम्बन्धी विवरण :</u>**

**क) संचालक समितिको अध्यक्ष लगायत अन्य सदस्यहरुलाई प्रदान गरिने वा गरिएको बैठक भत्ताको दर तथा निजहरुलाई प्रदान गरिने वा गरिएको दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा :**

१. दैनिक कार्य संचालनमा प्रमुख कार्यकारी अधिकृतको हैसियतले प्रत्यक्ष रुपमा संलग्न संचालकले मात्र संचालक समितिले निर्धारण गरे बमोजिमको मासिक पारिश्रमिक पाउनेछ ।
२. संचालक समितिको बैठकमा उपस्थित भए बापत अध्यक्षले पाउने बैठक भत्ता रु.५००/– हुनेछ ।
३. संचालक समितिको बैठकमा उपस्थित भए बापत अन्य संचालकले पाउने बैठक भत्ता रु. ५००/– हुनेछ ।
४. वित्तीय संस्थाको कामको सिलसिलामा स्वदेश वा विदेश भ्रमण गर्नु पर्दा संचालक समितिका सदस्यहरुले देहाय बमोजिम दैनिक तथा भ्रमण भत्ता र अन्य सुविधा पाउनेछन् :
   अ) स्वदेशमा : दैनिक भत्ता रु. १,०००/–  र भ्रमण खर्च : यथार्थ बिल अनुसार ।
   आ) भारतमा : दैनिक भत्ता भा.रु.१,०००।- र भ्रमण खर्च : यथार्थ बिल अनुसार ।
   ई) भारत बाहेक अन्य मुलुकमा:  व्यवस्था नभएको ।
५. अन्य सुविधा साधारण सभाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ ।

(ख)संगठित संस्थाको उच्च व्यवस्थापकिय तहका तीन जना अधिकृतहरुको नाम पद र एक आर्थिक वर्षको अवधि भित्र उनीहरुलाई पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम:

| सि.नं. | कर्मचारीको नाम | पद | एक आर्थिक बर्ष २०७४/०७५ को अवधि भित्र पारिश्रमिकको रुपमा भुक्तान गरिएको रकम |
|---|---|---|---|
| १. | श्री कुन्ना नारायण चौधरी | प्र.का.अ. | ३,९७,००० |
| २. | श्री नरेन्द्रप्रसाद लम्साल | प्रबन्धक | ३,२६,०२१ |

ग) कुनै अधिकृत वा संचालकलाई भविष्यको लागि कुनै रकम प्रदान गरिने गरी करार गरिएको भए सो सम्बन्धी विवरण : हाल सम्म त्यस्तो कुनै करार गरिएको छैन ।

**(ग).८ <u>अर्न्तनिहित जोखीम तथा सो को व्यवस्थापनको लागी व्यवस्थापनको धारणा :</u>**

संगठित संस्थाले बहन गरेको वा गर्ने जोखीम स्पष्ट रुपमा उल्लेख गर्नु पर्ने । यस सन्दर्भमा जोखिमहरुलाई संगठित संस्थाको आन्तरिक वा व्यवसाय/परियोजनासँग प्रत्यक्ष अथवा संगठित संस्थाको नियन्त्रण भन्दा बाहिरको भनी बर्गिकरण गरी प्रमुख रुपमा देहायको जोखीमको विश्लेषण गर्नु पर्ने ।

(क) वित्तीय साधनको अभावबाट हुने जोखीम :
   १. निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुन सक्ने जोखिमहरु ।
   २. नेपालको बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ख) कच्चा पदार्थको अभावबाट हुने जोखिम : लागु नहुने ।
(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :

१. नयाँ वित्तीय संस्थाहरुको प्रवेशबाट उत्पन्न हुने प्रतिस्पर्धाबाट हुन सक्ने जोखिमहरु ।
२. देशको आर्थिक अवस्थामा आउने उतार चढावबाट हुन सक्ने जोखिमहरु ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost over run) को जोखीम : लागु नहुने ।
(ङ) विदेशी विनिमयको जोखिम : लागु नहुने
(च) कानूनी प्रकृयाहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने सो बाट पर्न सक्ने अवरोधहरु : लागु नहुने ।
(छ) क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम : अन्तर्राष्ट्रिय बजारमा हुने आर्थिक मन्दीबाट पर्न सक्ने असरबाट हुन सक्ने आर्थिक जोखिमहरु ।
(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट हुने जोखीम ।
१.नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने परिवर्तनबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
२.देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले जारी गर्ने नीति /निर्देशन तथा विद्यमान नीति नियममा हुने परिवर्तनबाट सिर्जना हुने सम्भावित जोखिमहरु ।
(झ) संचालन इतिहास : मिति २०७३ आषाढ ०३ गते देखि घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.ले लघुवित्तीय कारोवार संचालन गरिरहेको ।
(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीमः लागु नहुने ।
(ट) अन्य :
१. वित्तीय संस्थाले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिम ।
२. देशको राजनैतिक वातावरणबाट श्रृजना हुन सक्ने जोखिमहरु ।
३. पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।**

वित्तीय संस्थाको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि वित्तीय संस्थाले कर्जा तथा लगानीको लागि जोखिम ब्यहोर्ने कोषको ब्यबस्था गरेको छ । वित्तीय संस्थाले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति बिकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिवद्ध रहको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने वित्तीय संस्थाको नीति रहेको छ । यसै गरी संस्थागत सुशासनलाई उच्चतम प्राथमिकता दिई पारदर्शी ढंगले कार्य गर्न व्यवस्थापन प्रतिवद्ध रहेको छ ।

**धितोपत्र मूल्य परिवर्तन सम्बन्धी जोखिम :**

रु.१००/–प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

## (ग).९ वित्तीय विवरण :

## (ग). ९.(क) वित्तीय विवरण र तत्सम्बन्धमा व्यवस्थापनको धारणा र विश्लेषण :

क) संगठित संस्थाको लेखापरिक्षण भएको पछिल्लो आर्थिक बर्षको वासलात, नाफा नोक्सान हिसाब, नाफा नोक्सान हिसाव बाँडफाँड, नगद प्रवाह विवरण :

**वासलात (आषाढ मसान्त, २०७५)**

| पूँजी तथा दायित्व | रकम (रु. हजारमा) |
|---|---|
| १. शेयर पूँजी | १,४३,६५ |
| २. जगेडा तथा कोषहरु | (२५,३३) |
| ३. ऋणपत्र तथा बण्ड | – |
| ४. तिर्न बाँकी कर्जा सापट | ६,४५,९१ |
| ५. निक्षेप दायित्व | ५६,८९ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – |
| ८. आयकर दायित्व | – |
| ९. अन्य दायित्व | २७२ |
| **कुल पूँजी तथा दायित्व** | ८,२३,८४ |
| **सम्पत्ति** | |
| १. नगद मौज्दात | ४,७१ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | |


www.ghodighoda.com.np

| | |
|---|---|
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ४४,८४ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | |
| ५. लगानी | - |
| ६. कर्जा सापट तथा बिल खरिद | ७,५२,८० |
| ७. स्थिर सम्पत्ति | १६,९२ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | - |
| ९. अन्य सम्पत्ति | ४,५७ |
| **कुल सम्पत्ति** | **८,२३,८४** |

**नाफा नोक्सान हिसाव (श्रावण १, २०७४ देखि आषाढ मसान्त २०७५)**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| १. व्याज आम्दानी | ८८,०१ |
| २. व्याज खर्च | ३८,६९ |
| **खुद ब्याज आम्दानी** | **४९,३२** |
| ३. कमिशन तथा अन्य संचालन आम्दानी | २२,६३ |
| ४. अन्य संचालन आम्दानी | |
| ५. सटही घटबढ आम्दानी | |
| **कुल संचालन आम्दानी** | **७१,९५** |
| ६. कर्मचारी खर्च | ३५४८ |
| ७. अन्य संचालन खर्च | ३०६२ |
| ८. सटही घटबढ नोक्सान | |
| **सम्भावित नोक्सनी ब्यबस्था अधिको संचालन मुनाफा** | ५,८५ |
| ९.सम्भावित नोक्सानी व्यवस्थाहरु | ५,१३ |
| **संचालन मुनाफा/(नोक्सान)** | ७२ |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | ७२ |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **७२** |
| १३.कर्मचारी बोनस व्यवस्था | |
| १४.आयकर ब्यबस्था | - |
| यस वर्षको | - |
| गत वर्षको | - |
| इस वर्षको स्थगन कर आम्दानी / (खर्च) | - |
| **खुद मुनाफा/(नोक्सान)** | **७२** |
| शेयर संख्या (हजारमा) | ११०.५० |
| प्रति शेयर आम्दानी (रु.) | ०.५९ |

**नाफा नोक्सान बांडफांड हिसाव (श्रावण १, २०७४ देखि आषाढ मसान्त २०७५)**

| विवरण | रकम (रु.हजारमा) |
|---|---|
| **आम्दानी** | |
| १. गत वर्षसम्मको संचित मुनाफा | – |
| २. यस वर्षको मुनाफा | ७२ |
| ३. सटही घटबढ कोष | – |
| ४. स्थगन कर | – |
| **जम्मा** | **७२** |
| **खर्च** | |
| १. गत वर्षसम्मको संचित नोक्सान | २६,०५ |
| २. यस वर्षको नोक्सान | – |
| ३. साधरण जगेडा कोष | १४ |
| ४. भैपरी आउने जगेडा (पर सारेको कर) | – |
| ५. संस्था विकास कोष | – |
| ६. लाभांश समीकरण कोष | – |
| ७. कर्मचारी सम्बन्धी जगेडाहरु | – |
| ८. प्रस्तावित लाभांश | – |
| ९. प्रस्तावित बोनस शेयर जारी | – |
| १०. विशेष जगेडा कोष | – |
| ११. सटही घटबढ कोष | – |
| १२. पूँजी फिर्ता जगेडा कोष | – |
| १३. पूँजी समायोजन कोष | – |
| १४. अन्य (स्थगन कर जगेडा) | – |
| १५. लगानी समायोजन कोष | – |
| १५. ग्राहक संरक्षण कोष | १ |
| १६. संस्थागत सामाजिक उत्तरदायित्व कोष | १ |
| १७. स्थगन कर जगेडा | – |
| १८. पूरानो बर्षको हिसाब मिलान | – |
| **जम्मा** | **२६,२१** |
| **सञ्चित मुनाफा/(नोक्सान)** | **(२५,४९)** |

**नगद प्रवाह विवरण (श्रावण १, २०७४ देखि आषाढ मसान्त २०७५)**

| विवरण | वास्तविक (रु.हजारमा) |
|---|---|
| **क) कारोबार सञ्चालनबाट नगद प्रवाह** | **१६३५** |
| **१. नगद प्राप्ति** | **११०६४** |
| १.१ ब्याज आम्दानी | ८८०१ |
| १.२ कमिशन तथा डिष्काउण्ट आम्दानी | २२६३ |
| १.३ विदेशी विनिमय कारोबारबाट आम्दानी | - |
| १.४ अपलेखित कर्जाको असूली | - |
| १.५ अन्य आम्दानी | – |
| **२. नगद भुक्तानी** | **१००३४** |
| २.१. ब्याज खर्च | ३८६९ |
| २.२ कर्मचारी खर्च | ३५४८ |
| २.३ कार्यालय संचालन खर्च | २६१७ |
| २.४ आयकर भुक्तानी | |
| २.५ अन्य खर्च (कर्मचारी बोनस) | |
| **कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह** | **१०३०** |

| | |
|---|---|
| सञ्चालन सम्बन्धि चालु सम्पतिमा कमी/(बृद्धि) | **-४९८२६** |
| १. माग तथा अल्प सुचनामा प्राप्त हुने रकममा कमी/(बृद्धि) | - |
| २. अन्य अल्पकालीन लगानीमा कमी/(बृद्धि) | - |
| ३. कर्जा तथा विल्स खरीदमा कमी/(बृद्धि) | -४९५६९ |
| ४. अन्य सम्पत्तिमा कमी/(बृद्धि) | -२५७ |
| **सञ्चालन सम्बन्धि चालु दायित्वमा कमी/(बृद्धि)** | **५०४३१** |
| १. निछेप दायित्वमा कमी ब्रद्धि | ३६२८ |
| २. सर्टिफिकेट अफ डिपोजितमा (कमी)/बृद्धि | |
| ३. अल्पकालीन सापटीमा (कमी)/बृद्धि | ४७००९ |
| ४. अन्य दायित्वमा (कमी)/बृद्धि | -२०६ |
| ५. लाभांस भुक्तानी | - |
| **ख) लगानी कारोबारमा नगद प्रवाह** | **-८३८** |
| १. दीर्घकालीन लगानीमा कमी/(बृद्धि) | |
| २. स्थिर सम्पतिमा कमी/(बृद्धि) | -८३८ |
| ३. दीर्घकालीन लगानीमा व्याज आम्दानी | |
| ४. लाभाशं आम्दानी | |
| ५. अन्य | |
| **ग) वित्तीय कारोबारबाट नगद प्रवाह** | **३३१५** |
| १. दीर्घकालीन ऋण (बण्ड, डिबेञ्चर आदि) मा बृद्धि/(कमी) | |
| २. शेयर पूँजीमा बृद्धि/(कमी) | ३३१५ |
| ३. अन्य दायित्वमा बृद्धि/(कमी) | |
| ४. नेपाल राष्ट्र बैंकबाट प्राप्त सहुलियत/पुनरकर्जामा बृद्धि/कमी) | |
| ५. अन्य | |
| **घ) नगद तथा बैंक मौज्दातको विनिमय दरमा भएको फरकबाट आम्दानी/खर्च** | |
| **ङ) यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह** | ४११२ |
| **च) नगद तथा बैंकमा रहेको शुरुको मौज्दात** | ८४३ |
| **छ) नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | ४९५५ |

**(ख) सञ्चालन अवधि तीन बर्ष व्यतित भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिभरको लेखापरीक्षण भएको नाफा नोक्सान, वासलात सहितको संक्षिप्त वित्तीय विवरण (सहायक कम्पनी भए समष्टिकृत रुपमा) :**

**वासलात**

| पूँजी तथा दायित्व | अनुसूची | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | आ.ब.०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ |
| १. शेयर पूँजी | १ | १,१०,५० | १,१०,५० | १,४३,६५ |
| २. जगेडा तथा कोषहरु | २ | (१०५३) | (२६,०५) | (२५,३३) |
| ३. ऋणपत्र तथा बण्ड | | - | - | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ३ | - | १,७५,८२ | ६,४५,९१ |
| ५. निक्षेप दायित्व | ४ | २८ | २०,६१ | ५६,८९ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | | - | - | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | | - | - | - |
| ८. आयकर दायित्व | | - | - | - |
| ९. अन्य दायित्व | ५ | ११५ | ४७९ | २७२ |
| **कुल दायित्व** | | १०१४० | २,८५,६७ | ८,२३,८४ |

| सम्पत्ति | अनुसूची | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | आ.ब.०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ |
| १. नगद मौज्दात | | ० | ४,५७ | ४,७१ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मोज्दात | ६ | - | - | - |
| ३. बैक/बित्तीय संस्थामा रहेको मौज्दात | ६ | ४५९९ | ३,८६ | ४४,८४ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | | - | - | - |
| ५. लगानी | ७ | - | - | - |
| ६. कर्जा सापट तथा बिल खरिद | ८ | ४४७० | २,६२,२५ | ७,५२,८० |
| ७. स्थिर सम्पत्ति | | १०२७ | १२,९९ | १६,९२ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | | - | - | - |
| ९. अन्य सम्पत्ति | १० | ४४ | २,०० | ४,५७ |
| **कुल सम्पत्ति** | | **१०१४०** | **२,८५,६७** | **८,२३,८४** |

**नाफा नोक्सान हिसाव**

| विवरण | अनुसूची | वास्तविक (रु. हजारमा) | | |
|---|---|---|---|---|
| | | आ.ब. ०७२/७३ | आ.ब.०७३/७४ | आ.ब. ०७४/०७५ |
| १. व्याज आम्दानी | ११ | १६७ | २७,३१ | ८८,०१ |
| २. व्याज खर्च | १२ | ० | ८,८९ | ३८,६९, |
| **खुद ब्याज आम्दानी** | | **१६७** | **१८,४२** | **४९,३२** |
| ३. कमिशन तथा डिस्काउण्ट | | - | - | - |
| ४. अन्य संचालन आम्दानी | १३ | ४७ | ३,८५ | २२,६३ |
| ५. सटही घटबढ आम्दानी | | - | - | - |
| **कुल संचालन आम्दानी** | | **२१४** | **२२,२७** | **७१,९५** |
| ६. कर्मचारी खर्च | १४ | ३४१ | १६,६९ | ३५४८ |
| ७. अन्य संचालन खर्च | १५ | ८८१ | १८,९१ | ३०६२ |
| ८. सटही घटबढ नोक्सान | | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | | **१००८** | **१३,३३** | **५,८५** |
| ९. सम्भावित नोक्सानी | | ४५ | २१९ | ५,१३ |
| **संचालन मुनाफा/(नोक्सान)** | | (१०५३) | (१५,५२) | ७२ |
| १०.गैर संचालन आम्दानी/ (नोक्सान) | | - | - | - |
| ११.सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता | | - | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | **(१०५३)** | **(१५,५२)** | **७२** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | | - | - | - |

| सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा | | (१०५३) | (१५,५२) | ७२ |
|---|---|---|---|---|
| १३.कर्मचारी बोनस व्यबस्था | | - | - | |
| १४.आयकर व्यबस्था | | - | - | - |
| यस वर्षको | | - | - | - |
| गत वर्षको | | - | - | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | | (१०५३) | (१५,५२) | ७२ |
| शेयर संख्या (हजारमा) | | ११०.५० | ११०.५० | ११०.५० |
| प्रति शेयर आम्दानी (रु.) | | (९.५३) | (१४.०५) | ०.५९ |

ग) आर्थिक बर्ष समाप्त भएको ६ महिना पश्चात विवरणपत्र स्वीकृतीको लागि पेश गरेमा उक्त अन्तरिम अवधिको लागि लेखापरिक्षकबाट प्रमाणित गरेको अपरिष्कृत वित्तीय विवरण :

**वासलात**

| पूँजी तथा दायित्व | अनुसूची | वास्तविक (रु. हजारमा) |
|---|---|---|
| | | आ.ब. ०७५/०७६ चैत्र |
| १. शेयर पूँजी | १ | १,४३,६५ |
| २. जगेडा तथा कोषहरु | २ | (७०) |
| ३. ऋणपत्र तथा बण्ड | | - |
| ४. तिर्न बाँकी कर्जा सापट | ३ | १५७७७० |
| ५. निक्षेप दायित्व | ४ | १५७८३ |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | | - |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | | - |
| ८. आयकर दायित्व | | - |
| ९. अन्य दायित्व | ५ | ७०० |
| **कुल दायित्व** | | **१८८५४८** |

| सम्पत्ति | अनुसूची | वास्तविक (रु. हजारमा) |
|---|---|---|
| | | आ.ब. ०७५/०७६ चैत्र |
| १. नगद मौज्दात | | २३९ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मोज्दात | ६ | - |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | ६ | ७३३७ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | | - |
| ५. लगानी | ७ | - |
| ६. कर्जा सापट तथा बिल खरिद | ८ | १७७८३९ |
| ७. स्थिर सम्पत्ति | ९ | २०६८ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | | - |
| ९. अन्य सम्पत्ति | १० | १०६५ |
| **कुल सम्पत्ति** | | **१८८५४८** |



www.ghodighoda.com.np

**नाफा नोक्सान**

| विवरण | अनुसूची | वास्तविक(रु. हजारमा) आ.ब. ०७५/०७६ चैत्र |
|---|---|---|
| १. व्याज आम्दानी | ११ | १६४४२ |
| २. व्याज खर्च | १२ | १०२४३ |
| **खुद व्याज आम्दानी** | | **६१९९** |
| ३. कमिशन तथा डिस्काउण्ट | | |
| ४. अन्य संचालन आम्दानी | १३ | ४४८० |
| ५. सटही घटबढ आम्दानी | | - |
| **कुल संचालन आम्दानी** | | **१०६७९** |
| ६. कर्मचारी खर्च | १४ | ३९७१ |
| ७. अन्य संचालन खर्च | १५ | ३५५९ |
| ८. सटही घटबढ नोक्सान | | - |
| **सम्भावित नोक्सनी व्यबस्था अघिको संचालन मुनाफा** | | **३१४९** |
| ९. सम्भावित नोक्सानी | | १५४५ |
| **संचालन मुनाफा/(नोक्सान)** | | १६०४ |
| १०.गैर संचालन आम्दानी/ (नोक्सान) | | - |
| ११.सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता | | ८५९ |
| **नियमित कारोवारबाट भएको मुनाफा** | | **२४६३** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | | **२४६३** |
| १३.कर्मचारी बोनस व्यबस्था | | - |
| १४.आयकर व्यबस्था | | - |
| यस वर्षको | | - |
| गत वर्षको | | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | | - |
| **खुद मुनाफा/(नोक्सान)** | | **२४६३** |
| औसत शेयर संख्या (हजारमा) | | १३२.१२ |
| प्रति शेयर आम्दानी (रु.) | | १८.६४ |

(घ) आम्दानी र खर्चको हिसावमा कुनै शिर्षकमा ठुलो मात्रामा परिवर्तन भएमा त्यसको विश्लेषणात्मक कारण : सो नभएको ।

(ङ) पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात् संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छ/छैन सो सम्बन्धमा संचालकहरुको धारणा ।
पछिल्लो वित्तीय विवरणको लेखापरिक्षण भए पश्चात संगठित संस्थाको कारोबारमा, नाफा नोक्सान, सम्पत्तिको मूल्य वा आगामी १२ महिनाको दायित्व भुक्तानीमा असर पर्ने गरी कुनै अवस्था सिर्जना भएको छैन ।

(च) आर्थिक बर्ष समाप्त भएपछि विवरणपत्र पेश गरेमा, विवरणपत्र पेश गरेको मितिबाट स्वीकृती हुने मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी विवरणपत्रमा समावेश गर्नु पर्ने : लागु नहुने ।

(छ) विगत ५ बर्षमा सम्पत्तिको पूर्नमूल्यांकन गरिएको छ/छैन, यदि गरिएको भए
(अ) सम्पत्तिको विवरण,
(आ) सम्पत्तिको पूर्नमूल्यांकन अघि र पछिको कितावी मूल्य
(ई) पूर्नमूल्यांकन औचित्य,
(इ) हाल सम्म सम्पत्तिको पूर्नमूल्यांकन गरिएको छैन

**(ज) आगामी तीन वर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाबका साथै त्यसका गणनाका आधारहरुः**

**वासलात**

| **पूँजी तथा दायित्व** | **प्रक्षेपित रु. हजारमा** | | |
|---|---|---|---|
| | आ.ब. ०७५/७६ | आ.ब. ०७६/७७ | आ.ब. ०७७/७८ |
| १. शेयर पूँजी | २,७६,२५ | ३,३१,५० | ४६४१० |
| २. जगेडा तथा कोषहरु | १३१ | ७८३५ | १९५९६ |
| ३. ऋणपत्र तथा बण्ड | – | – | – |
| ४. तिर्न बाँकी कर्जा सापट | १९१५१४ | २६९०२० | २९६४६० |
| ५. निक्षेप दायित्व | २५००० | ३७००० | ४०००० |
| ६. भुक्तानी दिनु पर्ने बिलहरु | – | – | – |
| ७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश | – | - | - |
| ८. आयकर दायित्व | ५७ | ३३२५ | ५१०७ |
| ९. अन्य दायित्व | १४९३ | ११३२२ | १५४०२ |
| **कुल पूँजी तथा दायित्व** | **२४५८२०** | **३६१६५२** | **४२२९७५** |
| **सम्पत्ति** | आ.ब. ०७५/७६ | आ.ब. ०७६/७७ | आ.ब. ०७७/७८ |
| १. नगद मौज्दात | ४८१ | ४७८ | ४६४ |
| २. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात | ० | १४४२७ | १९५०१ |
| ३. बैक /बित्तीय संस्थामा रहेको मौज्दात | २०६१ | ३५३५ | २८६४ |
| ४. माग तथा अल्प सुचनामा प्राप्त हुने रकम | – | – | – |
| ५. लगानी | – | – | – |
| ६. कर्जा सापट तथा बिल खरिद | २४०८२१ | ३३७१८७ | ३९२०३९ |
| ७. स्थिर सम्पत्ति | २०,५७ | ५५२५ | ७५०७ |
| ८. गैर बैंकिङ्ग सम्पत्ति | – | – | – |
| ९. अन्य सम्पत्ति | ४,०० | ५,०० | ६,०० |
| **कुल सम्पत्ति** | **२४५८२०** | **३६१६५२** | **४२२९७५** |

**नाफा- नोक्सान हिसाव**

| विवरण | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|
| | आ.ब. ०७५/७६ | आ.ब. ०७६/७७ | आ.ब. ०७७/७८ |
| १. व्याज आम्दानी | २३२९४ | ४८९८५ | ६१७२५ |
| २. व्याज खर्च | १४१०० | २५५०० | ३०४७८ |
| **खुद व्याज आम्दानी** | **९१९४** | **२३४८५** | **३१२४७** |
| ३. कमिशन तथा डिस्काउण्ट | ७३,०० | ७५,४० | ७६,०० |
| ४. अन्य संचालन आम्दानी | - | - | - |
| ५. सटही घटबढ आम्दानी | - | - | - |
| **कुल संचालन आम्दानी** | **१६४९४** | **३१०२५** | **३८८४७** |
| ६. कर्मचारी खर्च | ५३३५ | १,२०,३७ | १,३६,९३ |
| ७. अन्य संचालन खर्च | ५२७४ | ५२८५ | ५५८० |
| ८. सटही घटबढ नोक्सान | - | - | - |
| **सम्भावित नोक्सनी ब्यबस्था अघिको संचालन मुनाफा** | **५८८५** | **१३७०३** | **१९५७४** |
| ९. सम्भावित नोक्सानी | ३७४९ | १५११ | ८४८ |
| **संचालन मुनाफा/(नोक्सान)** | **२१३६** | **१२१९२** | **१८७२६** |
| १०.गैर संचालन आम्दानी/(नोक्सान) | - | - | - |
| ११.सम्भावित नोक्सानी व्यबस्थाबाट फिर्ता | ८५९ | - | - |
| **नियमित कारोवारबाट भएको मुनाफा** | **२९९५** | **१२१९२** | **१८७२६** |
| १२.असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च) | - | - | - |
| अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी | - | - | - |
| **सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा** | **२९९५** | **१२१९२** | **१८७२६** |
| १३.कर्मचारी बोनस ब्यबस्था | २७२ | ११०८ | १७०२ |
| १४.आयकर ब्यबस्था | **५७** | **३३२५** | **५१०७** |
| यस वर्षको | | | |
| गत वर्षको | - | - | - |
| पर सारिएको आयकर आम्दानी / (खर्च) | - | - | - |
| **खुद मुनाफा/(नोक्सान)** | **२६६६** | **७७५९** | **११९१७** |
| शेयर संख्या (हजारमा) | १४३.१७ | ३३१.५० | ४६४.१० |
| प्रति शेयर आम्दानी (रु.) | १८.६२ | २३.४० | २५.६८ |

## वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

| विवरण | आ.व. | | |
|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
| १.कूल कर्जा तथा सापटमा औसत वृद्धि दर(प्रतिशतमा) | २२१.४५ | ४०.०३ | १६.२७ |
| २.कर्जा तथा सापटको औसत व्याज दर(प्रतिशतमा) | १४.४१ | १६.६३ | १६.६२ |
| ३.कूल कर्जामा कर्जा नोक्सानी व्यवस्था (प्रतिशतमा) | १.५० | १.५१ | १.५१ |
| ४.कूल निक्षेपमा औसत वृद्धि दर(प्रतिशतमा) | ३३९.४४ | ४८.०० | ८.११ |
| ५.निक्षेपको औसत व्याज दर(प्रतिशतमा) | ६.३८ | ७.७४ | ६.७५ |
| ६.कूल कर्जा तथा निक्षेप + पूंजीकोष अनुपात | ४३६.५२ | ४१४.४२ | ३५६.६२ |
| ७.कूल आयमा औसत वृद्धि दर(प्रतिशतमा) | ३६०२.५१ | १९१.०४ | ५३.५९ |
| ८.कूल खर्चमा औसत वृद्धि दर(प्रतिशतमा) | १३५.८० | ७३.३१ | १६.१८ |
| ९.सञ्चालन खर्च तथा कूल आम्दानी अनुपात | ३४.६८ | ३०.६४ | २७.८० |
| १०.खुद मुनाफामा औसत वृद्धि दर(प्रतिशतमा) | ३६०२.५१ | १९१.०४ | ५३.५९ |
| ११.आयकर व्यवस्था (प्रतिशतमा) | ३० | ३० | ३० |
| १२.निष्कृय कर्जा सापट (प्रतिशतमा) | १.३२ | १.३० | १.३६ |
| १३.लगानीमा प्रतिफल(प्रतिशतमा) | १४.४१ | १६.६३ | १६.६२ |
| १४.अन्य सञ्चालन खर्चको वृद्धि दर(प्रतिशतमा) | ७२.२४ | ०.२१ | ५.५८ |
| १५.कर्मचारी खर्चमा वृद्धि दर (प्रतिशतमा) | ५०.३७ | १२५.६२ | १३.७६ |
| १६.CRR(Required 0.5%) | ०.५५ | ०.५१ | ०.५३ |
| १७.SLR(Required 2.5%) | ५.३७ | ४५.६५ | ५२.५७ |
| १८. तिर्न बाकी कर्जा सापटको औसत व्याज दर (प्रतिशतमा) | १० | १०.०३ | ९.८६ |
| १९. तिर्न बाकी कर्जा सापट बृद्धि दर (प्रतिशतमा) | १९६.५० | ४०.४७ | १०.२० |

### वित्तिय प्रक्षेपणका प्रमुख आधारहरु :

### १. कर्जा सापट तथा बिल खरीदः

व्यवस्थापनको योजना अनुसार संस्थाको कुल कर्जा तथा सापटमा २०७५।७६ असार मसान्त सम्म २२१.४५ प्रतिशत तथा २०७६।७७ र २०७७।७८ मा क्रमश:४०.०३ र १६.२७ प्रतिशतले वृद्धि हुने प्रक्षेपण गरिएको छ । शाखा सन्जाल विस्तार गरी पुँजी कोष समेत मध्यनजर गरी कर्जा बिस्तार गर्ने व्यवस्थापनको कार्य योजना अनरुप प्रक्षेपण गरिएकोले आ.ब. ०७५।७६ मा कर्जा सापट बृद्धि प्रतिशत आ.व.०७४।७५ को तुलनामा वढी देखिएता पनि चैत्र मशान्तसम्मको वास्तबिक बिवरणले लक्ष्य प्राप्ति हुने देखिन्छ।

कर्जा तथा सापटमा प्राप्त हुने औसत ब्याज दर आ.ब.२०७५/७६, २०७६/७७ र २०७७/७८ को लागि हालको समग्र वजार अवस्था अनुरुप क्रमशः १४.४१, १६.६३ र १६.६२ प्रतिशत हुने अनुमान गरिएको छ ।

आ.व.२०७५/७६ मा निष्कृय कर्जा १.३२ प्रतिशत रहने अनुमान गरिएको छ भने कर्जालाई भाखा नाघ्न नदिने र संस्थाको निष्कृय कर्जा क्रमशः शून्य मा झार्ने संस्थाको रणनीति अनुरुप आ.व.२०७६/७७ र २०७७/७८ मा निष्कृय कर्जा क्रमशः १.३० प्रतिशत र १.३६ प्रतिशत कायम रहने गरी प्रक्षेपण गरि सोही अनरुप कर्जा नोक्सानी व्यवस्था कुल कर्जा तथा सापटको क्रमश १.५०, १.५१ र १.५१ प्रतिशत कायम रहने अनुमान गरिएको छ ।

### २. निक्षेप तथा तिर्न बाँकी कर्जा सापट :

आ.ब. २०७४।७५ को अषाढ मसान्त सम्ममा जम्मा निक्षेप ५६ लाख ८९ हजार रहेकोमा व्यवस्थापनको योजना अनुसार शाखा सन्जाल विस्तार गरी पुँजी कोषसमेत मध्यनजर गरी कर्जा तथा सापटमा हुने बृद्धि योजना अनुसार नै आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमशः ३३९.४४,४८ र ८.११ प्रतिशतले कुल निक्षेप बृद्धि हुने प्रक्षेपण गरिएको छ ।

निक्षेप दायित्वमा तिर्नुपर्ने औसत व्याजदर लागि हालको समग्र वजार अवस्थालाई मध्यनजर गरी आ.ब.२०७५/०७६, २०७६/०७७ र र २०७७/०७८ को लागि क्रमश: ६.३८, ७.७४ र ६.७५ प्रतिशत कायम रहने अनुमान गरिएको छ।

कुल तिर्न बाँकी कर्जा सापट आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ मा क्रमश: १९६.५०, ४०.४७ र १०.२० प्रतिशतले बृद्धि हुने प्रक्षेपण गरिएको छ । शााखा सन्जाल, पुँजी कोष, व्यवस्थापकिय क्षमता एवं समग्र बजारको अवस्थालाई मध्यनजर गरी कुल तिर्न बाँकी कर्जा सापट बृद्धि दर प्रक्षेपण गरीएको ।

तिर्न बाँकी कर्जा सापटमा तिर्नुपर्ने औषत ब्याजदर आ.ब. २०७५।७६, २०७६।७७ र २०७७।७८ को लागी क्रमश: १०, १०.०३ र ९.८६ प्रतिशत कायम रहने अनुमान गरीएको छ।

**३. तरलता :**
नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको अनिवार्य मौज्दात(Cash Reserve Requirement) आ.ब.२०७५/७६, २०७६/७७ र २०७७/७८ को लागि क्रमश: ०.५५, ०.५१ र ०.५३ र (Statutory Liquidity Ratio) आ.ब.२०७५/७६, २०७६/७७ र २०७७/७८ को लागि क्रमश: ५.३७, ४५.६५ र ५२.५७ प्रतिशत कायम हुने गरी लगानी प्रक्षेपण गरिएको छ।

**४.**संचालन नाफाको १० प्रतिशत रकम कर्मचारी बोनस व्यवस्थाको लागि छुट्टयाइएको छ। गत आ.व.मा संचित नोक्सान रहेकोले व्यवस्था नगरीएको।
**५.**आउँदा वर्षहरुमा वित्तीय संस्थाले आर्जन गर्ने नाफामा ३० प्रतिशतको दरले आयकरको लागि व्यवस्था गरिएको छ।
**६.**गत चैत्र मशान्तसम्मको वास्तविक आँकडा, तत्कालिन बजार अवस्था तथा आउँदो वर्षको संचालन योजनाको आधारमा वित्तीय संस्थाको व्यवस्थापनद्वारा वित्तीय विवरण प्रक्षेपण गरिएको छ।
**७.** पूँजीपर्याप्तता (Capital Adequacy) को मात्रा नेपाल राष्ट्र बैंकले तोकेको अनुपात अनुरुप रहने गरी प्रक्षेपण गरिएको छ। जस अनुरुप पूँजीकोषको अनुपात आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमश: १२.२१, १२.९२ र १७.६३ प्रतिशत र प्राथमिकपूँजीको अनुपात आ.ब.२०७५/०७६, २०७६/०७७ र २०७७/०७८ को लागि क्रमश: ११.२३, ११.९५ र १६.६७ प्रतिशत हुने गरी प्रक्षेपण गरिएको छ।
**८.** संस्थाले आ.ब.२०७५/७६ मा हकप्रद शेयर रु.३३ लाख १५ हजार थप गरि शेयर पूँजी बृद्धि गरिसकेको र यसै आ.व. २०७५/७६ भित्र सार्वजनिक शेयर निष्काशन द्वारा रु. १ करोड ३२ लाख ६० हजार शेयर पुँजी रकम बढाउने, आ.ब.२०७६/७७ मा २० प्रतिशत हकप्रद शेयर निष्काशन गरेर शेयर पुँजी रकम बढाउने र आ.ब.२०७७/७८ मा ३० प्रतिशत हकप्रद शेयर निष्काशन र १० प्रतिशत बोनश शेयर द्धारा शेयर पुँजी रकम बढाइने योजना कायम हुने गरी पुँजी बृद्धि प्रक्षेपण गरिएको छ।

द्रष्टव्य : कम्पनीको वित्तिय प्रक्षेपण कम्पनी आफैले गरेको हो । यी विवरणहरु औचित्यपूर्ण र यथार्थपरक रहेको प्रमाणित गर्ने विशेषज्ञमा चार्टड एकाउण्टेण्ट्स श्री उमेश राज पाण्डेय रहनु भएको छ।

**(ग). ९.(ख) वित्तीय अनुपात सम्बन्धी विवरण :**

**(क)** संगठित संस्थाको सञ्चालन अवधि तीन बर्ष ब्यतीत भैसकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष ब्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको तथा आगामी ३ बर्षको प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल :

**कम्पनीको नेटवर्थमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम छ** :

| विवरण | वास्तविक (रु. हजारमा) | | | प्रक्षेपित (रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| प्रति शेयर नेटवर्थ (रु.) | ९०.४७ | ७६.४३ | ७७.०१ | १००.४७ | १२३.६४ | १४२.२२ |
| प्रति शेयर आम्दानी (रु.) | -९.५३ | -१४.०५ | ०.५९ | १८.६२ | २३.४० | २५.६८ |
| संचित नाफा/नोक्सान (रु.हजार) | -१०५३ | -२६०५ | -२५४९ | -४७० | ५५८० | १४८७६ |

| विवरण | वास्तविक (रु. हजारमा) | | | | प्रक्षेपित(रु. हजारमा) | | |
|---|---|---|---|---|---|---|---|
| | आ.ब. ०७२/०७३ | आ.ब. ०७३/०७४ | आ.ब. ०७४/०७५ | आ.ब. ०७५/०७६ चैत्र मसान्त | आ.ब. ०७५/०७६ | आ.ब. ०७६/०७७ | आ.ब. ०७७/०७८ |
| चुक्ता पुंजी | ११०५० | ११०५० | ११०५० | १४३६५ | २७६२५ | ३३१५० | ४६४१० |
| जगेडा तथा कोषहरु | -१०५३ | -२६०५ | -२५४० | -७० | १३१ | ७८३५ | १९५९६ |
| **कुल** | **९९९७** | **८४४५** | **८५१०** | **१४२९५** | **२७७५६** | **४०९८५** | **६६००६** |
| घटाउने : अपलेख गर्न बाँकी खर्च (Fictitious Assets) | ० | ० | ० | | ० | ० | ० |
| **कुल नेटवर्थ** | **९९९७** | **८४४५** | **८५१०** | **१४२९५** | **२७७५६** | **४०९८५** | **६६००६** |
| शेयर संख्या (हजारमा) | ११०.५ | ११०.५ | ११०.५ | १४३.६५ | २७६.२५ | ३३१.५० | ४६४.१० |
| प्रति शेयर नेटवर्थ (रु.) | ९०.४७ | ७६.४३ | ७७.०१ | ९९.५१ | १००.४७ | १२३.६४ | १४२.२२ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० | १०० |
| नेटवर्थमा औसत प्रतिफल (%) | -१०.५३ | -१८.३८ | ०.८५ | १७.२३ | ९.६० | १८.९३ | १८.०५ |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा (%) | **०.५५%** | | | | | | |

**(ख) विगत ३ वर्षको नेटवर्थमा भएको औसत प्रतिफल** : (९.४२) प्रतिशत

**(ग). १० धितोपत्र निष्काशन सम्बन्धी विवरण :**

**(ग). १०.(क) धितोपत्र जारी गर्नुको उद्देश्य :**

अ) वित्तीय संस्थाको जारी पूँजी रु. २ करोड ७६ लाख २५ हजार मध्ये प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था भए अनुरुप जारी पूँजीको ४८% शेयर सर्वसाधारणमा बिक्री गर्नु पर्ने भएको कारण जारी पूंजीको ४८% अर्थात १,३२,६०० कित्ता शेयर मध्ये निष्काशन गर्न बाँकी रहेको रु. १,३२,६०,०००/– बराबरको प्रति शेयर रु. १००/–दरको १,३२,६०० कित्ता साधारण शेयरहरु सर्वसाधारणहरुमा बिक्री वितरण गरी वित्तीय संस्थाको सञ्चालनमा सर्वसाधारणहरुलाई समेत संलग्न गराउन ।

आ) वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नुपर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।

इ) वित्तीय संस्थाले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।

**(ग). १०.(ख) धितोपत्र निष्काशन गरी प्राप्त पूँजीको उपयोग :**

(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिने छ, तत्सम्बन्धी विवरण :

थप नयां साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूँजी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली र अन्य प्रचलित कानून बमोजिम "घ" वर्गको लघुवित्त विकास बैंकले गर्न पाउने कार्यको अधिनमा रही वित्तीय संस्थाको व्यवसायिक प्रयोजनमा उपयोग गरिने छ । थप नया साधारण शेयर निष्काशन गरी प्राप्त हुने पूंजी वित्तीय संस्थाको नियमित वित्तीय एवं आर्थिक कारोवारहरु विस्तार एवं बृद्धि गर्न उपयोग गरिनेछ । यसरी प्राप्त रकमलाई देहाय बमोजिम उपयोग गरिने योजना रहेको छ ।

| क्र.सं. | विवरण | रकम (रु. हजारमा) |
|---|---|---|
| १ | कृषि क्षेत्र (विपन्न वर्ग) | ५०,०० |
| २ | व्यापार व्यवसाय (विपन्न वर्ग) | ३२,६० |
| ३ | लघु उद्यम कर्जा (विपन्न वर्ग) | ५०,०० |
| | **कुल जम्मा** | १,३२,६० |

(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ति गर्नको लागि अपनाइने बैकल्पिक व्यबस्था :
लघुवित्त वित्तीय संस्थाहरुको शेयर निष्काशन गर्दा विगतमा माग भन्दा बढी शेयरको लागि दरखास्त पर्ने गरेको छ । कथंकदाचित निष्काशन गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रचलित कानूनको अधिनमा रही सार्वजनिक निष्काशनको लागि उद्देश्य प्राप्ती गर्नको लागि बैकल्पिक ब्यबस्था गरिनेछ । साथै निष्काशन गरिने साधारण शेयरहरुको १०० प्रतिशत शेयर समेत प्रत्याभूति गरिएको छ ।

(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपमा कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने : लागु नहुने ।

(घ) आयोजना सम्पन्न हुने, परिक्षण उत्पादन शुरु हुने र पूर्ण व्यवसायिक उत्पादन शुरु हुने अनुमानित मिति उल्लेख गर्नु पर्नेः लागु नहुने ।

(ङ) संगठित संस्थाले कुन उपकरण खरिद गरेको वा गर्न लागेको भए उक्त उपकरणको मूल्य वा प्रस्तावित मूल्य, सप्लायर्सको नाम र सप्लायर्ससँग सम्झौता भएको भए सो को मूख्य मूख्य बूँदाहरु : लागु नहुने ।

(च) कुनै पार्टीसँग प्रतिलिपी अधिकार, ट्रेडमार्क, इजाजतपत्र, रोयल्टी, सहकार्य सम्बन्धमा वा वित्तीय वा प्राविधिक सम्झौता गरिएको भए सो को प्रमुख शर्तहरु र पार्टीको नाम, ठेगाना सम्बन्धी विस्तृत विवरण : सम्झौता नगरिएको ।

(छ) उत्पादन सम्बन्धी आयोजना भए, सोको प्रकृति, प्रयोगकर्ता, प्रतिस्पर्धा, लक्षित समूह, उत्पादन क्षमता, विगत बर्षहरुको क्षमता उपभोग वा भविष्यमा गरिने क्षमता उपभोग सम्बन्धी विवरण : उत्पादन सम्बन्धी आयोजना नभएको ।

(ज) आयोजनाको लागि आवश्यक कच्चा पदार्थको उपलब्धता र त्यसको श्रोत : लागु नहुने ।

(झ) आयोजनाको लागि आवश्यक हुने विद्युत, पानी, ग्यासको मात्रा र त्यसको श्रोत : लागु नहुने ।

(ञ) सार्वजनिक निष्काशनको लागि गरिने खर्च प्रमुख रुपमा देहायमा उल्लेखित पक्षहरुलाई दिने शुल्कहरु छुट्टाछुट्टै रुपमा प्रस्तुत गर्नुपर्ने ।

(अ) निष्काशन तथा बिक्री प्रबन्धक : रु.१,००,०००/– (अक्षेरपी रु. एक लाख मात्र)

(आ) ट्रष्टी (डिवेन्चर निष्काशनको हकमा) : निष्काशन गरिने डिवेन्चर नभई सर्वसाधारणलाई नयाँ शेयर निष्काशन भएको ।

(ई) प्रत्याभूतिकर्ता : श्री सिभिल क्यापिटल लिमिटेड, सुन्धारा, काठमाण्डौंलाई प्रत्याभूति सेवा प्रदान गरे वापत रु.२६,५२०/- (अक्षेरुपी छब्बीस हजार पाँच सय बीस रुपैंया मात्र) भुक्तानी दिईनेछ ।

(इ) विज्ञहरु : वित्तीय प्रक्षेपण पुनरावलोकन गरी सि.ए.श्री उमेश राज पाण्डेयबाट प्रमाणित गरिएको, भुक्तानी नगरिएको ।

(उ) लेखापरीक्षक : यस सार्वजनिक निष्काशनको लागि लेखापरीक्षकलाई भुक्तानी नगरिएको ।

(ऊ) अन्य (जस्तै संकलन केन्द्र, निष्काशन बैंक आदि) : नेपाल धितोपत्र बोर्डबाट २०७४/११/११ गतेदेखि सि–आस्वा प्रणाली कार्यान्वयन भईसकेको सन्दर्भमा नेपाल धितोपत्र बार्डबाट स्वीकृत प्राप्त सि–आस्वा सदस्य बैंक तथा वित्तीय संस्था र तिनका तोकिएका शाखा कार्यालयहरु यस निष्काशनको लागि संकलन केन्द्रको रुपमा रहनेछन् । सि–आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाहरुलाई कुनै शुल्क भुक्तानी गर्नु नपर्ने र निजहरुले नेपाल धितोपत्र बोर्डले तोके बमोजिमको शुल्क निष्काशन तथा बिक्री प्रबन्धकलाई भुक्तानी गर्नेछन् । सि–आस्वा प्रणाली कार्यान्वयन भएको सन्दर्भमा निष्काशन बैंकको आवश्यकता नहुने भएता पनि आवश्यकता अनुसार निष्काशन बैंक खोल्न सकिनेछ र सो को जानकारी नेपाल धितोपत्र बोर्डलाई अग्रिम रुपमा गराइनेछ ।

**ग). १०. (ग) सार्वजनिक निष्काशनबाट प्राप्त हुने रकमलाई परियोजनामा प्रयोग गर्नु पूर्व अन्य कुनै ब्यबस्था गर्न लागिएको छ भने तत् सम्बन्धि विवरण :**
हाल सम्म त्यस्तो कुनै व्यवस्था गरिएको छैन ।

**(ग). १०.(घ) प्रिमियममा धितोपत्र जारी गर्ने भएमा :** नभएको ।

**(ग).१०.(ङ) धितोपत्र बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचिकरण सम्बन्धी व्यबस्था :**

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया : यस विवरण मार्फत जारी गरिएको साधारण शेयर खरीदको लागि अत्याधिक माग भई प्राप्त भएका आवेदनहरुलाई धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका,२०७४ मा भएको प्रावधान अनुसार आवेदकहरुमा धितोपत्र बाँडफाँड गरिनेछ । यदि निष्काशन गरिएको शेयरको संख्या भन्दा कम शेयर खरिदका लागि दरखास्त प्राप्त हुन आएमा सोही अनुसार बाँडफाँड गरी बाँकी भएको शेयर प्रत्याभूतिकर्ताले प्रत्याभूति सम्झौतामा भएको व्यवस्था अनुसार प्रत्याभूति गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यबस्था :
शेयर विक्री बन्द भएको मितिले नेपाल धितोपत्र वोर्डले निर्धारित गरेको समयभित्र शेयर बाँडफाँड गरी पूर्ण वा आंशिकरुपमा स्वीकृत/अस्वीकृत भएको व्यहोरा उल्लेख गरी "धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका,२०७४ अनुरुप सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तिय संस्थाबाट आवेदन दिने आवेदकहरुको हकमा सम्बन्धित बैंक तथा वित्तिय संस्थाले नै बाडफाँडमा नपर्ने लगानीकर्ताको धितोपत्र खरीदको आवेदन बमोजिम रोक्का राखेको खाताको रकम मात्र रोक्का फुकुवा गरिनेछ ।

(ग) धितोपत्र बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधि :
निष्काशन गरिने साधारण शेयरहरु प्रचलित धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४, सम्बन्धि व्यवस्था अनुसार साधारण शेयरको निर्धारित समयभित्र बाँडफाँड गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा दर्ता भए पश्चात आवेदन फाराममा उपलब्ध गराईएको हितग्राही खातामा बाँडफाँडमा परेको शेयर जम्मा गर्ने व्यवस्था मिलाईनेछ ।



www.ghodighoda.com.np

(घ) धितोपत्र सूचिकरण भैसकेको भए, त्यस्तो धितोपत्र सूचीकरण गरिएको धितोपत्र बजारको नाम र धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नु पर्ने शर्तहरु सम्बन्धी विवरण : नभएको ।

(ङ) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा बिक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीद बिक्री वा बिनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण :
सार्वजनिक निष्काशन गरिने साधारण शेयर धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ तथा प्रचलित शेयर बाँडफाँड सम्बन्धी ब्यबस्था अनुसार साधारण शेयरको बाँडफाँड गरे पश्चात नेपाल स्टक एक्सचेन्ज लिमिटेड तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा सूचिकरण सम्बन्धी प्रचलित ब्यबस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको ब्यबस्था मिलाइनेछ ।

**(ग) १०.(च) प्रत्याभूति सम्बन्धी विवरण :**

**(क) धितोपत्र प्रत्याभूति गर्ने संगठित संस्थाको नाम, ठेगाना र प्रत्याभूति गर्ने धितोपत्रको संख्या र रकम :**
प्रत्याभुति गर्ने संगठित संस्थाको नाम, ठेगाना : श्री सिभिल क्यापिटल लिमिटेड, सुन्धारा, काठमाण्डौं ।
प्रत्याभूति गरिएको शेयर संख्या र रकम : रु. १,३२,६०,०००/– रकम बराबरको रु.१००/– अंकित दरको १,३२,६०० कित्ता साधारण शेयरको लागि प्रत्याभूति गरिएको छ ।

**(ख) धितोपत्र प्रत्याभूतिकर्तासँग गरिएको सम्झौताको मूख्य मूख्य बूँदाहरु :**

१. धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम कुल निष्काशनको १०० प्रतिशत अर्थात १,३२,६०० कित्ता साधारण शेयरहरु प्रत्याभुति गरिएको छ ।
२. प्रत्याभुतिकर्ताको दायित्व प्रत्याभुति गरिएको शेयरहरुमा मात्र सिमित हुनेछ ।
३. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री नभएमा प्रत्याभुतिकर्ताले प्रत्याभुतित कित्ता शेयरहरु सम्म सिमित हुने गरी खरिद गर्ने सहमति जनाएको छ ।
४. यस विवरणपत्र अनुसार जारी गरिने साधारण शेयरहरु पूर्ण रुपमा बिक्री भएको खण्डमा सम्झौतापत्र स्वतः खारेज हुनेछ ।
५. प्रत्याभुति सम्बन्धी अन्य व्यवस्थाहरु प्रचलित कानून तथा प्रत्याभुति सम्बन्धी सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

**(ग) १०.(छ) आवेदन दिंदा ध्यान दिनु पर्ने कुराहरु :**

**(क) धितोपत्रवालाको अधिकार तथा प्रतिबन्धात्मक व्यवस्थाहरु जस्तै मताधिकार, लाभांश, हकप्रद शेयर, धितोपत्रवालाको अधिकारमा परिवर्तन गर्ने प्रकृया तथा धितोपत्रको खारेजी आदि सम्बन्धी विवरण :**

१. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु बाँडफाँड गरे पश्चात कायम हुने शेयरधनीहरुले सर्वसाधारण शेयरधनीहरुको तर्फबाट निर्वाचित हुने संचालकहरुको निर्वाचनको हकमा मात्र भाग लिई मतदान गर्न पाउनेछन् ।

२. प्रचलित कम्पनी कानून तथा नेपाल धितोपत्र बोर्डको बोनस शेयर सम्बन्धी निर्देशिकाको अधिनमा रही वित्तिय संस्थाले आर्जन गरेको मुनाफाबाट बोनस शेयर वा लाभाशं वितरण गर्न सक्नेछ र आवश्यकता अनुसार नेपाल धितोपत्र बोर्ड तथा अन्य सम्बन्धित नियमन निकायहरुको स्वीकती लिई हकप्रद शेयर समेत जारी गर्न सक्नेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरहरु “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” मा भएको व्यवस्था अनुसार बाँडफाँड गरी तोकिएको अवधिभित्र Demat खातामा जम्मा गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेड, सिंहदरवार प्लाजा, काठमाण्डौंमा सूचिकरण गराई शेयर खरिद बिक्रीको ब्यबस्था मिलाइनेछ ।

**(ख) नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :**

१. यस वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय, बेलौरी न.पा.-४, कञ्चनपुर वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडको कार्यालय, कमलादी, काठमाण्डौंमा सम्पर्क राखी हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. प्रत्येक आवेदकले कम्तीमा १० (दश) कित्ता शेयर खरीदका लागि आवेदन दिनुपर्नेछ । १० (दश) कित्ताभन्दा बढी शेयरका लागि आवेदन दिंदा १० (दश) अङ्कको गुणन संख्यामा अधिकतम १,००० कित्ता बराबरको रु. एक लाख सम्मको अधिकतम शेयरका लागि आवेदन दिन सक्नेछन् ।

**(ग) आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु :**

१) कुनै पनि नेपाली नागरिकले यस विवरणपत्र अनुसार जारी गरिने शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।
२) आवेदकले सि-आस्वा (C-ASBA) प्रणालीबाट आफ्नो खाता रहेको बैंक तथा वित्तिय संस्था मार्फत मात्र आवेदन दिनुपर्नेछ ।
३) आवेदकले आवेदन दिनु पूर्व आफ्ने खाता रहेको सम्बन्धित बैंक तथा वित्तिय संस्थामा गई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा कार्य सञ्चालन निर्देशिका,२०७४ को अनुसूचि ४ बमोजिमको सि-आस्वा रजिष्ट्रेशन फाराम भरी CRN नं. लिनुपर्नेछ ।
४) आवेदकको बैंक खाता भएको विवरण र अनुसूचि ४ मा उल्लेख गरेको विवरण मिल्नुपर्नेछ ।
५) आवेदकले CRN नं. प्राप्त गरेपश्चात शेयर खरिदका लागि तोकिएको ढाँचामा सम्बन्धित बैंक तथा वित्तिय संस्थामा धितोपत्र खरिदका लागि आवेदन दिनुपर्नेछ ।
६) आवेदकले आवेदन फाराममा उल्लेख गरेको हितग्राही परिचय नं र अन्य विवरण सि-आस्वा सफ्टवेयरमा रहेको आवेदकको हितग्राही खाता र अन्य विवरण सँग रुजु हुनुपर्नेछ ।
७) आवेदकले आवेदन फाराम बुझाउँदा देहायका कुराहरुमा विशेष ध्यान दिई स्पष्ट सँग आवेदन फाराम भरी बुझाउनु पर्नेछ :



www.ghodighoda.com.np

क) धितोपत्र निष्काशनकर्ता कम्पनीको नाम
ख) आवेदकको नाम,थर,ठेगाना,नागरिकता नं, दस्तखत, सम्पर्क फोन नं. र ईमेल ठेगाना ।
ग) नाबालक र विक्षिप्त व्यक्तिको हकमा संरक्षकको नाम, थर र नाता ।
घ) खरिद गर्न चाहेको धितोपत्रको संख्या (अंक र अक्षरमा ) ।
ङ) खरिद गर्न चाहेको धितोपत्र वापतको रकम (अंक र अक्षरमा ) ।
च) आवेदकको खाता रहेको बैंकको नाम,ठेगाना,खाता नं र खाताको किसिम ।
छ) आवेदकको हितग्राही (डिम्याट) खाता नम्बर ।

८) आवेदकहरुले आवेदन दिंदा सि-आस्वा सदस्य बैकहरुमा रहेको आवेदन वापतको रकम रोक्का राखिने खाता अन्य कुनै प्रकारले रोक्का रहेको वा निष्क्रिय (Dormant) रहेको हुनुहुँदैन ।

९) आवेदन दिएको रकम बराबरको रकम खातामा हुनुपर्नेछ ।

१०) एक व्यक्तिले आफूले खरिद गर्न चाहेको साधारण शेयरको लागि एक भन्द बढी दरखास्त दिन पाइने छैन । यदि एक व्यक्तिको नाममा एक भन्द बढी आवेदन प्राप्त हुन आएमा सम्पूर्ण दरखास्तलाई रद्द गरिनेछ ।

११) धितोपत्र खरिदको लागि दरखास्त दिंदाको अवस्थामा वा दरखास्त दिइसकेपछि खरिद गरेको धितोपत्र वापतको रकम भुक्तानी नहुँदै प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारी वा निकायबाट लगानीकर्ताको खाता रोक्का राख्ने आदेश प्राप्त भएमा निष्काशन तथा बिक्रि प्रबन्धकले त्यस्तो दरखास्त फारामलाई आदेश बमोजिम गर्नेछ ।

१२) धितोपत्र बाँडफाँड गर्नुपूर्व अख्तियार प्राप्त निकायबाट कुनै लगानीकर्ताको खाता रोक्का राख्न आदेश वा निर्देशन प्राप्त भएमा सम्बन्धित बैंक वा वित्तिय संस्थाले त्यस्तो आदेश वा निर्देशन अनुसार सम्बन्धित लगानीकर्ताको खाता रोक्का गरी त्यसको जानकारी तुरुन्त निष्काशन तथा बिक्रि प्रबन्धकलाई दिनुपर्नेछ ।

१३) सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट उपलब्ध गराईएको "मेरो शेयर" सफ्टवेयरबाट पनि आवेदकले आवेदन गर्न सक्नेछन् । त्यसका लागि आवेदकले आफ्नो हितग्राही खातामा बैंक खाताको विवरण उल्लेख गरिसकेको हुनुपर्नेछ र सम्बन्धित बैंक तथा वित्तिय संस्थाबाट CRN नं. लिईसकेको हुनुपर्नेछ ।

१४) शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात बाँडफाँडमा परेका आवेदकहरुलाई बाँडफाँडमा परेको शेयरको निजहरुको हितग्राही खातामा जम्मा गर्ने व्यवस्था गरिने छ ।

**(ग) ११ सम्बन्धित पक्ष बीचको कारोबार सम्बन्धी विवरण :**

निष्काशनकर्ता संगठित संस्था र निम्न लिखित पक्ष बीच विगत २ बर्षको अवधिमा कुनै प्रकारको बस्तुगत कारोवार भएको वा कुनै कारोवार गर्न प्रस्ताव गरिएको भए कारोवारमा संलग्न ब्यक्तिहरुको नाम, तिनीहरुको संगठित संस्था सँगको सम्बन्ध, कारोबारको प्रकृति र रकम :

(क) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालकको रुपमा रहेको ब्यक्ति : कारोबार नभएको ।
(ख) आधारभूत शेयरधनी : नभएको ।
(ग) खण्ड (क) र (ख) मा उल्लेखित कुनै ब्यक्तिको एकाघर परिवार सदस्य : कारोबार नभएको ।
(घ) संगठित संस्थाको कार्यकारी अधिकृत वा संचालक वा आधारभूत शेयरधनीले ३० प्रतिशत वा सो भन्दा बढी मताधिकार हुने गरी शेयर स्वामित्व ग्रहण गरेको कम्पनी वा संगठित संस्था : नभएको ।
(ङ) संगठित संस्था वा त्यसको सहायक कम्पनीले हालको संचालक वा नीजको एकाघरको परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको छ भने सो वा विवरणपत्र प्रकाशन गर्नु भन्दा ३ बर्ष अगाडिको अवधिमा संस्थाको संचालक वा संचालकको एकाघर परिवारको सदस्यका लागि कुनै कारोवार वा सम्झौता गरेको भए सो कुरा : कुनै कारोवार वा सम्झौता गरेको छैन ।
(च) कुनै संचालक वा संचालकको एकाघर परिवारको सदस्यलाई कुनै ऋण दिएको वा निजसँग लिएको भए उक्त ऋण सम्बन्धी विस्तृत विवरण जस्तै ऋण बापत लिएको रकम, ऋणको ब्याजदर, ऋण लिएको मिति, ऋण भुक्तानी अवधि आदि कुरा विवरणपत्रमा खुलाउनु पर्ने : ऋण कारोवार गरेको छैन ।

**(ग).१२ विदेशी लगानी र ब्यबस्थापन सम्बन्धी विवरण :**

विदेशी लगानी र ब्यबस्थापनमा संगठित संस्था संचालन हुने भए सो को विवरणका साथै सम्बन्धित सम्झौताको मूख्य तथा तात्विक बूँदाहरु : विदेशी लगानी र ब्यबस्थापनमा वित्तीय संस्था संचालन नभएको ।

**(ग).१३ सूचीकृत संगठित संस्थाले सार्वजनिक निष्काशन गर्ने भएमा सो को विवरण :**

**(क) संगठित संस्थाको विगत ३ आर्थिक वर्षको प्रत्येक त्रैमासिक अवधिको उच्चतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोबार भएको शेयर संख्याः** सो नभएको ।

**(ख) बोर्डमा विवरणपत्र दर्ताको लागि प्रस्तुत गर्नुभन्दा ६ महिना अगाडिको अवधिको मासिक रुपमा उच्च, न्यून र अन्तिम मूल्यका साथै प्रत्येक महिनामा कारोबार भएको कुल दिन र कुल कारोबार भएको धितोपत्रको संख्याः** सो नभएको ।

**(ग). १४ पछिल्लो सार्वजनिक निष्काशनको अनुमान तथा उपलब्धी सम्बन्धी विवरण :**

संगठित संस्थाले यस भन्दा अगाडी धितोपत्र निष्काशन गर्दा तयार गरेको विवरणपत्र वा अन्य विवरणहरुमा उल्लेखीत गरिएका लक्ष्य तथा कार्यक्रमहरु तथा खुद मुनाफा हासिल गर्न सके/नसकेको, नसकेको अवस्थामा लक्ष्य तथा कार्यक्रमका साथै विवरणपत्र वा अन्य विवरणहरुमा प्रक्षेपित खुद मुनाफा भन्दा बीस प्रतिशत वा सो भन्दा बढीले न्यून हुन गएको भए यसरी फरक पर्नाको कारण : यस सार्वजनिक निष्काशन (इनिसियल पब्लिक



www.ghodighoda.com.np

अफरिङ्ग) भन्दा अघि यस वित्तीय संस्था स्थापना भए पश्चात प्रचलित कानुन बमोजिम सर्वसाधरण शेयरधनीको लागि धितोपत्र निष्काशन गर्दा विवरणपत्र प्रकाशित गरिएको बाहेकका अन्य विवरणपत्र प्रकाशित नगरिएको ।

**(ग).१५ परामर्शदाता/ बिशेषज्ञ सम्बन्धी विवरण:**

(क) लेखापरिक्षक, प्रमुख बैंक, निष्काशन कार्य सँग संलग्न बैंक, प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी प्रमाणित गर्ने विज्ञ आदिको नाम तथा ठेगाना :

अ) यस वित्तीय संस्थाको लेखापरिक्षकमा चाटर्ड एकाउन्टेण्ट श्री उमेश राज पाण्डेय, धनगढी रहनु भएको छ ।

आ) यस निष्काशनको लागि प्रमुख बैंकको व्यबस्था गरिएको छैन ।

ई) यस निष्काशनको लागि देहायको बैंकलाई निष्काशन बैंक **(Banker to the Issue)** को रुपमा नियुक्त गरिएको छ ।

| सि.नं. | नाम, ठेगाना |
|---|---|
| १. | प्रभु बैंक लिमिटेड, कमलादी, काठमाण्डौ । |

साथै निष्काशन तथा बिक्रि प्रबन्धकले निष्काशन बैंक थप गर्नु परेमा तीन दिन अगाडि बोर्डलाई जानकारी गराई थप गर्न सक्नेछ ।

इ) यस विवरणपत्रमा उल्लेखित वित्तीय विवरण तथा प्रक्षेपणको अनुमान तथा आधारहरु हालको वित्तीय बजारको स्थिति, निष्काशनकर्ता वित्तीय संस्थाको हालको दक्षता र निष्काशनकर्ता वित्तीय संस्थाले प्राप्त गरेको हालसम्मको कार्य प्रगतिको आधारमा पुनरावलोकन गरी विवरण ठीक छ भनी चार्टर्ड एकाउण्टेण्ट श्री उमेश राज पाण्डेय, धनगढी ले प्रमाणित गरेको छ ।

**(ग). १६ आयोजना सम्पन्न गर्नको लागि सार्वजनिक निष्काशन बाहेक अन्य वित्तीय श्रोतहरु प्रयोग गरिएको छ/छैन, तत्सम्बन्धी विवरण :** लागु नहुने ।

**(ग).१७ मुद्दा तथा विवाद सम्बन्धी विवरण :**

(क) संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दामामिला वा विवाद भए सो सम्बन्धी विवरण तथा उपरोक्त मुद्दा वा विवादको कारणबाट पर्न सक्ने प्रभाव सम्बन्धमा ब्यबस्थापनको धारणाः सो नभएको ।

हाल सम्म संगठित संस्थाको तरलता, मौज्दात, कार्य संचालनमा तात्विक असर पर्ने खालको कुनै मुद्दा मामिला वा विवाद छैन ।

(ख) संगठित संस्थालाई असर पर्ने गरी संस्थाको संस्थापक/संचालकले वा लाई दायर गरिएको मुद्दा सम्बन्धी विवरण :सो नभएको ।

(ग) विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गराएको भए, त्यस्तो संचालकको नाम र सजाय गर्ने नियमन निकाय वा अदालतको नाम उल्लेख गर्नु पर्ने :

विगत पाँच बर्षमा संगठित संस्थाको कुनै संस्थापक/संचालक कालोसूचीमा परेको वा कुनै नैतिक वा आर्थिक कारणबाट कुनै नियमन निकाय वा अदालतले सजाय गरेको जानकारीमा छैन ।

(घ) संगठित संस्था बैंक वित्तीय संस्थामा ऋण नतिरी डिफल्ट भएको, नियम अनुसारको शुल्क नतिरेको, धितोपत्रवालाहरुको कुनै रकम भुक्तानी नगरिएको भए तत्सम्बन्धी विवरणहरु : सो जानकारीमा नभएको ।

**(ग).१८ गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :**

यस सार्वजनिक निष्काशन सम्बन्धमा लगानीकर्ताहरुको गुनासो सुन्न र सो को समाधानको लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालय प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौमा एक विशेष कक्षको ब्यबस्था गरिएको छ । लगानीकर्ताहरुले देहायको माध्यममार्फत आफ्नो गुनासो तथा सुझाव प्रेषित गर्न सक्नेछन ।

गुनासो सुन्ने अधिकारीको विवरण :

नाम : सविता अर्याल

पद : प्रमुख विजनेश डेभलपमेन्ट डिपार्टमेन्ट

फोन नं : ४२२२९३९/९८७

**(ग). १९ नगद नलिई कसैलाई धितोपत्र निष्काशन गरिएको छ भने त्यस्तो ब्यक्ति वा समूहको नाम, खरीद गरिएको सम्पत्ति वा सेवा सम्बन्धी विवरण, निष्काशन गरिएको धितोपत्र संख्या र दर सम्बन्धी विवरण :** नगद नलिई कसैलाई धितोपत्र निष्काशन नगरिएको ।

**(ग).२० ऋणपत्र निष्काशन सम्बन्धी विवरण** : हालसम्म ऋणपत्र जारी गरिएको छैन ।

**(ग).२१ अग्राधिकार शेयर निष्काशन सम्बन्धी ब्यबस्था :** हालसम्म अग्राधिकार शेयर जारी गरिएको छैन ।

**(ग).२२ अन्य सामान्य जानकारी :**

**(क) विशेषज्ञको कुनै राय भएमा सो को विवरण :**

प्रक्षेपित वित्तीय विवरण ठीक छ भनी उमेश पाण्डेय एण्ड एसोसियट्सका सि.ए.उमेश राज पाण्डेयले प्रमाणित गर्नुभएको छ र सोको निम्न बमोजिम रहेको छ ।

- यस वित्तीय प्रक्षेपण तथा वित्तीय प्रक्षेपणका आधारहरु कम्पनी स्वंले तयार गरेको हो । आ.व.२०७५/७६ देखि २०७७/७८ सम्मको प्रक्षेपित वित्तीय विवरणहरु वास्तविक आंकडा तथा आगामी वर्षको सञ्चालन योजनाको आधारमा कम्पनीको व्यवस्थापनले तयार पारेको र यसका लागि कम्पनीको व्यवस्थापन स्वयं नै उत्तरदायी हुनेछ ।
- व्यवस्थापनले प्रक्षेपित वित्तीय विवरण तयार गर्नुको उद्देश्य सर्वसाधारणहरुको लागि शेयर निष्काशन गर्नु हो र यसमा प्रस्तुत प्रक्षेपित वित्तीय विवरण लेखापरीक्षकबाट पुनरावलोकन गरी प्रमाणिकरण मात्र गरिएको छ ।

- प्रक्षेपित वित्तीय विवरणहरु भविष्यमा घट्न सक्ने घटनाहरु र व्यवस्थापनका कार्यहरुको बारेमा परिकल्पनीय धारणाहरुको आधारमा तयार गरिएको छ र जुन भविष्यमा घटित हुन आवश्यक छैन । कथंकदाचित काबु बाहिरको परिस्थिति तथा घटनाहरु भएमा यस प्रक्षेपित वित्तीय विवरणमा उल्लेख गरिएको वित्तीय विवरण र वास्तविक वित्तीय विवरणमा फरक पर्न सक्नेछ ।
- वित्तीय प्रक्षेपणहरु कम्पनीको विगतको कार्यकुशलताको आधारमा यथार्थपरक धारणाको आधारमा तयार गरी वित्तीय संस्थालाई लागु हुने लेखा नीति अनुसार प्रस्तुत गरिएको छ ।

**(ख) गत तीन आर्थिक बर्ष भित्रमा संचालक, लेखापरिक्षक परिवर्तन भएको भए, सो को कारण :**

- गत तीन आर्थिक बर्ष भित्रमा संचालकमा भएको परिवर्तन र सो को कारण :

| क.सं. | सञ्चालकको नाम | आर्थिक वर्ष | हटेको/नँया नियुक्ति | परिवर्तको कारण |
|---|---|---|---|---|
| १ | श्री बुन्दि लाल चौधरी | २०७४/७५ | हटेको | व्यक्तिगत कारणले सञ्चालक पदबाट राजीनामा । |
| २ | श्री राम प्रसाद चौधरी, स्वतन्त्र सञ्चालक | २०७४/७५ | हटेको | व्यक्तिगत कारणले सञ्चालक पदबाट राजीनामा । |
| ३ | श्री रसिक मोहन शर्मा, स्वतन्त्र सञ्चालक | २०७४/७५ | नँया मनोनयन | सञ्चालक समितिबाट स्वतन्त्र सञ्चालकको रुपमा नियुक्त । |
| ४ | श्री सरोज चौधरी | २०७५/७६ | हटेको | ने.रा.बैंकको निर्देशन अनुसार सञ्चालकमा हुनुपर्ने न्यूनतम शैक्षिक योग्यता नपुग भएको कारणले सञ्चालक पदबाट हटेको । |

- गत तीन आर्थिक बर्ष भित्रमा लेखापरीक्षक भएको परिवर्तन र सो को कारण :

| क.सं. | सञ्चालकको नाम | आर्थिक वर्ष | हटेको/नँया नियुक्ति | परिवर्तको कारण |
|---|---|---|---|---|
| १ | श्री पि.भट्ट एण्ड एसोसिएट्स | २०७४/७५ | हटेको | कार्यकाल समाप्त भएको । |
| २ | श्री पि.आनन्द एण्ड एसोसिएट्स | २०७४/७५ | नियुक्ति | दोश्रो साधारण सभाबाट नियुक्त । |
| ३ | श्री पि.आनन्द एण्ड एसोसिएट्स | २०७४/७५ | हटेको | कार्यकाल समाप्त भएको । |
| ४ | श्री उमेश पाण्डेय एण्ड एसोसिएट्स | २०७५/७६ | नियुक्ति | तेश्रो साधारण सभाबाट नियुक्त । |

**(ग) कम्पनी सचिवको नाम, ठेगाना र योग्यता :**

**नाम :** श्री नरेन्द्रप्रसाद लम्साल, **ठेगाना :** दुल्लु -१२ दैलेख(हाल बेलौरी ४ कञ्चनपुर ) **योग्यता :** एम.ए. (यसै वित्तीय संस्थामा प्रबन्धक पदमा कार्यरत निज श्री नरेन्द्रप्रसाद लम्साललाई कम्पनी सचिवको समेत थप जिम्मेवारी दिइएको ।)

**(घ) सार्वजिनक निष्काशन गर्नको लागि संचालक समितिबाट भएको निर्णय सम्बन्धि विवरण :**

मिति २०७४।११।१९ गतेका दिन बसेको यस वित्तीय संस्था सञ्चालक समितिको ६४ औं बैठकबाट यस वित्तीय संस्थाको सर्वसाधारणका लागि छुट्टयाइएको शेयर रकम रु.१,३२,६०,०००।- बराबरको १३२६०० ( एक लाख बत्तीस हजार छ सय ) कित्ता शेयर सर्वसाधारणमा निष्काशन गर्ने र सो आईपिओ मा जानको लागि शेयर निष्काशन सम्झौता गर्ने सम्बन्धमा ३ वटा कम्पनी बाट कोटेशन प्राप्त भएकोमा प्रभु क्यापिटल लिमिटेडसंग शेयर निष्काशन सम्झौता गर्ने सर्वसम्मत् रुपमा निर्णय गरियो ।

(क) सर्वसाधारणमा शेयर जारीका लागि श्री प्रभु क्यापिटल लिमिटेडसंग शेयर निष्काशन सम्झौता गर्ने सर्वसम्मत् रुपमा निर्णय गरियो ।

(ख) श्री प्रभु क्यापिटल लिमिटेडसंग शेयर निष्काशन सम्झौता सम्बन्धी सम्पूर्ण कार्यका लागि र सर्वसाधारणमा शेयर निष्काशन सम्बन्धी सम्पूर्ण कार्यका लागि यस वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री कुन्ना नारायण चौधरीलाई अख्तियारी दिने निर्णय सर्वसम्मत् रुपमा गरियो ।

**(ङ) संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष कर सुविधा दिइएको भए, सो सम्बन्धि विवरण :**

संगठित संस्था वा यसका शेयरधनीलाई कुनै विशेष सुविधा दिइएको छैन ।

**(च) संगठित संस्थाको पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सक्ने ठाउँ र समय :**

कार्यालय समय भित्र वित्तीय संस्थाको केन्द्रिय कार्यालय, बेलौरी न.पा. -४,कंचनपुर र धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक प्रभु क्यापिटल लिमिटेड, कमलादी, काठमाण्डौंमा सम्पर्क राखी वित्तीय संस्थाको पछिल्लो आर्थिक बर्षको लेखापरिक्षण भएको वासलात, नाफा नोक्सान हिसाव र नगद प्रवाह विवरण प्राप्त गर्न वा हेर्न सकिनेछ ।



www.ghodighoda.com.np

**(छ) बोनस शेयर सम्बन्धी व्यवस्था :**

**हाल सम्म बोनस शेयर जारी गरिएको छैन । भविष्यमा प्रचलित ऐन नेपाल धितोपत्र बोर्डको प्रचलित बोनस शेयर निष्काशन सम्बन्धि व्यवस्था अनुसार बोनस शेयर जारी गर्न सक्नेछ ।**

**(ज) शेयरवाला, कर्मचारी वा अरु कसैको लागि शेयर सुरक्षित गर्ने व्यवस्था गरिएको भएमा सो कुरा ।**

यस विवरणद्वारा निष्काशन गरिएको प्रति साधारण शेयर रु. १००।- अङ्कित दरका १,३२,६०० कित्ता मध्ये १,३८० कित्ता अर्थात् कुल जारी पूँजीको ०.५% शेयर कर्मचारीहरुलाई र ६,६३० कित्ता अर्थात् कूल निष्काशनको ५% शेयर सामूहिक लगानी कोषको लागि छुट्याएर राखिएको छ । कर्मचारीहरुको लागि यसरी छुट्याइएको शेयर कर्मचारीबाट माग भई आएको हकमा सञ्चालक समितिले औचित्य पूर्ण तवरबाट बाँडफाँड गर्नेछ र कर्मचारीबाट सम्पूर्ण शेयरका लागि माग भई नआएको अवस्थामा बाँकी शेयरहरु सर्वसाधारणमा बाँडफाँड गरिनेछ ।

**(झ) वित्तीय संस्थाले कम्पनी ऐनले गरेका व्यवस्थाहरु, आफ्नो कारोबारसँग सम्बन्धित ऐन, नियम तथा नियमन व्यवस्था पूर्ण पालना गरेको सम्बन्धमा गरेको उद्घोषण :**

अ) बैंकिङ क्षेत्रका लब्ध प्रतिष्ठित व्यक्ति तथा संघ संस्थाहरु समेतद्धारा स्थापित ।

आ) वित्तीय क्षेत्रका अनुभवी तथा दक्ष ब्यक्तिहरुद्वारा संचालक समितिमा प्रतिनिधित्व भएका कारण नीति निर्माणमा प्रभावकारी भूमिका निर्वाह भएको ।

इ) संस्थाको व्यबस्थापन सक्षम तथा प्रभावकारी भएको ।

ई) जोखिम लेखाजोखा पश्चात मात्र लगानी तथा कर्जाको अवसरहरुमा कोषको प्रवाह भएको ।

उ) वित्तीय संस्थामा आवद्ध महिला सदस्यहरुलाई संचालक समितिमा प्रतिनिधित्व गराइएको ।

ऊ) यस आशा लघुवित्त वित्तीय संस्था लिमिटेडले गर्ने ब्यबसायसँग सम्बन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, प्रचलित धितोपत्र सम्बन्धी कानूनमा भएको व्यवस्थाहरुको साथ साथै नेपाल राष्ट्र बैंक, नेपाल धितोपत्र बोर्ड, कम्पनी रजिष्ट्रारको कार्यालय तथा अन्य नियमन निकायहरुले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरेको छ र भविष्य प्राप्त हुने निर्देशनहरु समेत पूर्ण रुपमा पालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछ । यस कम्पनीको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरु एवं कम्पनीको संस्थापकहरु कुनै पनि बैंक तथा वित्तीय संस्थासंगको कारोबारमा कालोसूचीमा नपरेको र संचालकहरु प्रचलित कानून बमोजिम संचालक हुनको लागि अयोग्य नरहेको समेत वित्तीय संस्थाको उद्घोषण रहेको छ ।

**(ञ) धितोपत्र बिक्री वितरण सम्बन्धी व्यवस्था :**

नेपालको प्रत्येक विकास क्षेत्रमा कम्तीमा एक संकलन केन्द्रका दरले १० वटा केन्द्रको ब्यबस्था गरी विवरणपत्र वितरण तथा आवेदन फारमसहित दरखास्त रकम जम्मा गर्ने व्यवस्था गरिनेछ । त्यसका साथै नेपाल धितोपत्र बोर्डबाट सि-आस्बा (C-ASBA) को सदस्यता लिएका बैंक तथा वित्तीय संस्थाहरुबाट यस निष्काशनका लागि सोही समयमा सूचना प्रकाशित गरी आवेदन फारम वितरण सहित दरखास्त फारम बुझिलिने व्यवस्था गरे बमोजिम हुनेछ ।

**(ट) क्रेडिट रेटिङ्ग सम्बन्धि व्यवस्**था :यस विवरण मार्फत निष्काशन गरिने सार्वजनिक निष्काशनको लागि क्रेडिट रेटिङ्ग आवश्यक नरहेको ।

**(ठ) सार्वजनिक निष्काशन मार्फत् शेयर बिक्री गर्न बित्तीय संस्थाले देहाय बमोजिमको अवस्था पुरा गरेको छ** :

१) प्रथम बर्षमा खुद मुनाफामा संचालन नभई प्रति शेयर नेटवर्थ प्रति शेयर चुक्ता पूँजी भन्दा कम भएको : यस वित्तीय संस्थाको प्रति शेयर नेटवर्थ तथा प्रति शेयर चुक्ता पूँजी देहाय बमोजिम रहेको छ ।

| सि. नं. | आर्थिक वर्ष | प्रति शेयर चुक्ता पूँजी (रु.) | प्रति शेयर नेटवर्थ (रु.) | खुद मुनाफा (रु. हजारमा) |
|---|---|---|---|---|
| १. | ०७२/०७३ | १०० | ९०.४७ | (१०५३) |
| २. | ०७३/०७४ | १०० | ७६.४३ | (१५५२) |
| ३. | ०७४/०७५ | १०० | ८२.३७ | ७२ |

१) सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धी निर्णय बार्षिक साधारण सभाबाट पारित भएको : घोडीघोडा लघुवित्त वित्तीय संस्था लि.को मिति २०७४।०९।२७ मा सम्पन्न दोश्रो वार्षिक साधारणसभाबाट सार्वजनिक निष्काशन (IPO) गर्ने सम्बन्धी निर्णय पारित भएको ।

२. ऐनको दफा ३० बमोजिम विवरणपत्र प्रकाशित गरेको : सार्वजनिक निष्काशन (Initial Public Offering) गर्नको लागि धितोपत्र सम्बन्धी ऐन, २०६३ को दफा ३० बमोजिम विवरण नेपाल धितोपत्र बोर्डबाट स्वीकृत गराई प्रकाशित गरिएको ।

**ड) विवरणपत्र तयार पार्ने व्यक्तिको नाम, थर, शैक्षिक योग्यता र अनुभवको विवरण ।**

यस विवरणपत्र तयार पार्ने व्यावसायीक संस्थामा निष्काशन तथा बिक्री प्रबन्धक श्री प्रभु क्यापिटल लिमिटेड, कमलादी काठमाडौं रहेको छ ।

**ढ) सकारात्मक पक्षहरु** :

- बैक तथा वित्तीय क्षेत्रमा अनुभवी तथा दक्ष व्यवस्थापकहरुद्धारा संचालित ।
- आर्थिक र प्रतिष्पर्धी बैंकिङ्ग व्यवसाय सुहाउँदो रणनीति अवलम्बन गरी व्यवसाय विस्तार गर्न सफल रहेको ।

**ण ) धितोपत्र विक्री खुल्ला अवधि :**

यस विवरणपत्रद्वारा सार्वजनिक निष्काशन (IPO) सर्वसाधारणहरुमा जारी गरिने शेयरहरुको लागि आवेदन दिने अवधि बिक्री खुल्ला

भएको मितिबाट ४ दिन र बढिमा ३० दिन सम्म खुल्ला रहनेछ ।

**(ग) २३ संचालक तथा विज्ञहरुको नाम तथा दस्तखत :**

यस विवरणपत्रमा प्रकाशित तथ्य तथा विवरणहरु ठीक दुरुस्त छन, सो मा कुनै फरक परेमा हामी संचालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सही छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।

| सि.नं. | संचालकहरुको नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री प्रभात कुमार चौधरी | अध्यक्ष | |
| २ | श्री बुध राम चौधरी | संचालक | |
| ३ | श्री पुरन प्रसाद चौधरी | संचालक | |
| ४ | श्रीमति पिङ्गला थारु | संचालक | |
| ५ | श्री रसिकमोहन शर्मा | स्वतन्त्र संचालक | |

**(ग)२४. निष्काशन तथा बिक्री प्रबन्धकले प्रस्तुत गरेको प्रतिबद्धता पत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) को प्रति :** संलग्न गरिएको ।

**(ग).२५ विवरणपत्र वित्तीय विवरण तथा अन्य कुनै कुरामा बिज्ञले राय दिएको भए सो सम्बन्धी पत्र :** संलग्न गरिएको ।